वर्ष : १५, अंक : ३१, काठमाडौं, २०७६ मंसिर १३ गते शुक्रबार, 29 November 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## मधेशको विकासका लागि प्रचण्ड अनसन बस्ने



निजगढ । मधेसँग आफ्नो लभ परेको बताउदै आएका पूर्वप्रधानमन्त्री एवम् नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो लभर (मधेश) ले दुःख पाए अनशन बस्न तयार रहेको बताएका छन् । नेकपा प्रदेश २ को कमिटीले बाराको निजगढमा गरेको जनसभालाई सम्बोधन गर्दै प्रचण्डले तराई-मधेशको विकासको समृद्धि यात्रामा अवरोध गर्ने र दुःख दिनेविरूद्ध अनसन बस्ने बताए । प्रदेश २ को विकासमा हुने ढिलासुस्ती अब सहेर नबस्ने प्रचण्डको भनाइ छ । प्रदेश २ को विकास निर्माणका कामले गति लिन नसक्ने कारण ठेकेदार पनि भएको भन्दै प्रचण्डले त्यस्ता ठेकेदारलाई तत्काल कारवाही गर्न सरकारको ध्यानाकर्षण गराए । मधेशको विकासमा कसैसँग सम्झौता गर्न नसकिने प्रचण्डको भनाइ छ । कार्यक्रममा उपप्रधान एवम् रक्षामन्त्री ईश्वर पोखरेलले प्रदेश २ को किासमा आमुल परिवर्तन ल्याउने योजना सरकारले ल्याइरहेको दाबी गरे ।

## 'प्रदेश २ लाई दुई नम्बरी व्यवहार नगर'



सर्लाही । प्रदेश २ सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री रामनरेश रायले संघीय सरकारले प्रदेश २ सरकारलाई दुई नम्बरी व्यवहार गरिरहेको आरोप लगाएका छन् । सर्लाहीको कविलासलिका-६ जमुनियामा गढीमाई मेला उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री रायले प्रदेश २ सरकारलाई पनि अन्य प्रदेशसरह व्यवहार गर्न संघीय सरकारसँग आग्रह गरे । 'प्रदेश २ सरकार काठमाडौंको कृपाले बनेको होइन, मधेश आन्दोलन र मधेशी जनताको बलिदानीले बनेको हो,' मन्त्री रायले भने, 'त्यसैले संघीय सरकारले समान व्यवहार गर्नुपर्छ ।'

प्रदेशको नाम पनि दुई नम्बर दिने र व्यवहार पनि दुई नम्बरी गरेर संघीय सरकारले प्रदेश २ लाई विभेद गरिरहेको आरोपसमेत मन्त्री रायले लगाए । संघीय सरकारले शासन प्रशासनको रिमोट कन्ट्रोल आफ्नै हातमा राखेर संघीयताको मर्ममा प्रहार गरिरहेको समेत मन्त्री रायले दाबी गरे ।

## काठमाडौंमा राउतको आमसभा



काठमाडौं । जनमत पार्टीले शनिबार काठमाडौंमा विशाल आमसभाको आयोजना गरेको छ । आमसभामा उल्लेखनीय सहभागिता देखियो । अध्यक्ष डा.सीके राउतले काठमाडौंको आँखीझ्यालबाट चियाएर मधेशीलाई देखाएर भूतप्रेत भनेर परिचय नगराउन आग्रह गरेका छन् । डा.राउत नेतृत्वको जनमत पार्टीले काठमाडौंमा आयोजना गरेको 'रंगभेद विरूद्ध एकता सभा तथा सांस्कृतिक विविधता झाँकी प्रदर्शन कार्यक्रम'मा सम्बोधन गर्दै यस्तो आग्रह गरेका छन् । डा.राउतले भनेका छन्, 'हामीले खोजेको यत्ति हो कि मधेशीलाई मानवको श्रेणीमा राखियोस् । मधेशीलाई मानव सरह व्यवहार गरियोस्, हामीले खोजेको यत्ति हो ।' 'हाम्रा सन्तानहरू निर्भिक भएर आफ्नो शीर ठाडो पारेर यो भूमिमा हिँड्न सकून्, हामीले खोजेको यत्ति हो ।' उनले भने, 'हाम्रा सन्तानहरू निर्धक्क काठमाडौंका कलेज र स्कूलहरू जान सकून्, हामीले खोजेको यत्ति हो ।' कालो भएकै कारणले कक्षाकोठामा उनीहरू रंगभेदको शिकार हुनुपरेको भन्दै कालो भएकै कारण उनीहरू जागिरबाट वंचित नहोऊन् बताएका छन् । उनले सम्बोधनको क्रममा भनेका छन्, 'कसैको आत्मसम्मान पुलिस र सेनाको बूटले न कुल्चिऊन्, कसैको आवाज बन्दुकको नालले बन्द नगरिओस् । कसैको स्वतन्त्रतता हाथमा हथकडी लगाएर अपहरित नहोस् ।'

## मन्त्री त्रिपाठीलाई ध्यानाकर्षण पत्र



काठमाडौं । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीलाई राजपत्रांकित तृतीय श्रेणीका शाखा अधिकृत राजीव कुमार झाले चारबुँदे ध्यानाकर्षणपत्र बुझाएका छन् । सरकारी सेवामा रहेका कर्मचारीहरूलाई तीनै तहमा समायोजन गरिएको घोषणा गरिएता पनि समायोजन प्रक्रियाले अझै पूर्णता नपाएको भन्दै अधिकृत झाले कर्मचारी व्यवस्थापनमा समस्याहरू देखिएकोप्रति ध्यानाकर्षण गराइएको बताएका छन् । सोमबार सामान्य प्रशासनमन्त्री त्रिपाठीलाई अधिकृत झाले बुझाएको ध्यानाकर्षणपत्रमा जि.स.स.को दरबन्दी, प्रमुख प्रशासकीय अधिकृत कामकाजमा खटाइने, पदस्थापन र स्थानीय तहमा भएको समायोजनका विषय रहेका त्रुटिहरूबारे उल्लेख गरिएको छ ।

## पञ्चेश्वर बैठक शुरू

काठमाडौं । पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको सम्बन्धमा आवश्यक कर्मचारी, बजेट र अन्य प्रशासनिक विषयमा छलफल गर्न भारतको राजधानी नयाँदिल्लीमा नेपाल र भारतका सहसचिव स्तरीय ज्वाइन्ट वर्किङ ग्रुप तथा गभर्निङ बडी (सन्चालनक समिति) को बैठक शुरू भएको छ । बैठकको पहिलो दुई दिन सहसचिवस्तरीय र अन्तिम दिन अर्थात् शुक्रबार सचिवस्तरीय गभर्निङ बैठक बस्ने भएको छ । सहसचिवस्तरीय बैठकमा भएका सहमतिहरूलाई गभर्निङ बैठकले आवश्यक छलफल पछि अनुमोदन गर्ने छ । यसपटकको बैठक विशेषगरी प्राधिकरणको प्रशासनिक संरचना र त्यसको सन्चालनमा केन्द्रित रहेको छ । बैठकमा प्राधिकरणको बजेट, कार्यक्रम, कर्मचारीहरूको संख्या र तिनको भर्ती प्रक्रियाका बारेमा टुंगो लगाउने छ । यसअघि २०६६ मा पोखरामा सम्पन्न नेपाल र भारतबीच पोखरामा सम्पन्न दुई देशको संयुक्त जलस्रोत समिति (जेसीडब्लूआर) बैठकमा पहिलो पटक बैठकमा पञ्चेश्वर बहुउद्देश्यीय परियोजना कार्यान्वयनको महत्त्वपूर्ण संयन्त्र 'पञ्चेश्वर विकास प्राधिकरण' गठन गर्ने सहमति भएको थियो ।

# सरकार नछाड्ने उपेन्द्रको चार कारण

## संविधान संशोधन गर्ने ठाउँमा पुगेको भ्रम मात्र

**मधेशवाणी डेस्क**

काठमाडौं । सत्ता साझेदार समाजवादी पार्टीलाई बाइपास गरी प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीका अध्यक्षसमेत रहेका उपप्रधानमन्त्री उपेन्द्र यादवको मन्त्रालय परिवर्तन गरिदिए । यस्तै समाजवादीबाट प्रतिनिधित्व गरेका स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री डा. सुरेन्द्र यादवलाई त पदमुक्त नै गरिदिए । यादवलाई गरिएको प्रधानमन्त्रीको यो व्यवहार सरकारबाट बाहिर जाऊ भनेको हो भन्ने व्याख्या पार्टी भित्र र आम राजनीतिक वृत्तमा भयो । अर्को आकलन थियो कि यादवले नयाँ जिम्मेवारी पाएको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी सम्हाल्ने छैनन् र उनले राजीनामा दिएर सरकारबाट बाहिरिने छन् । तर, यो आकलनले त्यति बेला फेल खायो जतिबेला यादवले नयाँ मन्त्रालयको जिम्मेवारी सम्हाल्दै भने, 'मन्त्रालय परिवर्तन प्रधानमन्त्रीको सरोकार हो । बल्ल विषय मिल्ने मन्त्रालयमा जिम्मेवारी पाएको छु ।' उनले नयाँ मन्त्रालयबाट आफू अपमानित नभएको पनि बताए ।

तर मन्त्रिपरिषद् पुनर्गठनबाट असन्तुष्ट बनेको पार्टी भित्र तत्काल सरकारबाट बाहिरिनुपर्ने विषय चलिरहँदा यादवको जवाफ थियो, 'यस विषयमा पार्टीले निर्णय गरेको छैन ।'

मन्त्रिपरिष्द पुनर्गठन आफ्नो दलसँग परामर्शबिनै यादवको मन्त्रालय परिवर्तन भएपछि समाजवादी पार्टी सरकारबाट अलग हुने मनस्थितिमा पुगेको थियो । त्यतिबेला यादव भारतमा थिए ।

मन्त्रिपरिषद् पुनर्गठन हिटलरवादी शैलीको पुनःस्मरण गराएको र यो अप्रजातान्त्रिक भएको उपाध्यक्ष रेणु यादवको प्रतिक्रिया थियो । अध्यक्ष यादव काठमाडौं फर्कनेबित्तिकै समाजवादी पार्टीले सरकार छाड्ने/नछाड्ने विषयमा गम्भीर छलफल पनि भयो । सरकारमा रहेर पनि यादवले सरकारको आलोचना गरेको प्रधानमन्त्रीको बुझाइ रहेको छ । स्वास्थ्यमन्त्रीको कार्याशैली चित्त बुझ्दो नभएको र सरकारमा रहेर पनि प्रतिपक्षी दल नेपाली कांग्रेससँग उप निर्वाचनमा सहकार्य गरेको यादव माथि सत्तारूढ नेताहरूको आरोप छ ।

कात्तिक अन्तिम साता बसेको समाजवादी पार्टीको केन्द्रीय समितिको बैठकमा पार्टी अध्यक्ष यादवमाथि तत्काल सरकार छाड्न दबाब परेको थियो । अधिकांश केन्द्रीय सदस्यहरूले तत्काल सरकार छाडी आन्दोलनमा जान यादवलाई सुझाव दिएका थिए । तर यादव भने सुरू देखि नै तत्काल सरकार पक्षमा थिएनन । केन्द्रीय सदस्यहरूको दबाबको बाबजुद केन्द्रीय समितिको बैठकले सरकार छाड्ने निर्णय गरेन । त्यसको सट्टा केन्द्रीय समितिको बैठक पछि पदाधिकारीको बैठक बस्ने र पदाधिकारीको बैठकले सरकार छाड्ने/नछाड्ने निर्णय गर्ने भनी बैठक टुंग्याइयो । पार्टीका राष्ट्रिय परिषद्का अध्यक्ष डा.बाबुराम भट्टराई तत्काल सरकार छाड्ने पक्षमा छन् । बैठकको पहिलो दिन उनले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा पनि उनले सरकारको कडा आलोचना गर्दै सरकारमा पार्टीका संलग्नताको विषयमा पुनःसमीक्षा गर्नुपर्ने बताएका थिए । तर पार्टीले निर्णय गर्दा यादवको लाइन हावी भयो र भट्टराईको लाइन छायामा पऱ्यो ।

२०७५ जेठ २२ गते तत्कालीन संघीय समाजवादी फोरम नेपालले सरकारसँग दुई बुँदे सहमति गरी सरकारमा गएको थियो । फोरम सरकारमा गएको बेला तत्कालीन फोरम र तत्कालीन नयाँ शक्तिबीच पार्टी एकीकरण पनि भयो । तत्कालीन फोरमले सरकारसँग गरेको दुई बुँदे सहमतिमा संविधाान संशोधन गर्ने प्रतिबद्धता सरकारले गरेको छ ।

प्रधानमन्त्रीले मन्त्रिपरिषद् पुनर्गठन गरेर यादवको जिम्मेवारी हेरफेर र राज्यमन्त्री हटाएकोमा बाबुराम पक्षधर नेताहरू असन्तुष्ट छन् । बाबुराम पक्षले यादव नैतिक संकटमा परेको र ओली सरकार छोड्ने भन्ने प्रचारमा पनि गरे । तर, अपेक्षाअनुसार सरकार छोड्ने निर्णय नआएपछि पार्टीभित्र विवाद भुसको आगोझैं सल्किरहेको छ ।

उता 'फेस सेभिङ'का लागि नै प्रधानमन्त्री ओली र नेकपासँग वार्ता गर्न बाबुरामको संयोजकत्वमा समिति गठन गरिएको छ । तर, उपेन्द्रले भने उक्त समितिले वार्ता नथाल्दै पदभार ग्रहण गरिसकेका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*



### सम्हाले कानून मन्त्रालय

प्रधानमन्त्रीले मन्त्रालय हेरफेर गरेको चार दिनपछि उपप्रधानमन्त्री उपेन्द्र यादवले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी सम्हालेका छन् । यसअघि उनले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी पाएका थिए । यादवले आफूसँग सल्लाह नगरी मन्त्रालय परिवर्तन गरेको विषयलाई महत्व दिएनन् । 'परामर्श गरिराख्नुपर्दैन, यो प्रधानमन्त्रीको विशेषाधिकार हो,' उनले भने । 'मन्त्रालयहरू हेरफेर गर्ने उहाँको अधिकार हो । अनुभवी नेता मन्त्री बनोस् भनेर यहाँ पठाएको हुन सक्छ । मिल्ने मन्त्रालयमा पठाइदिऊँ भनेर पनि हुन सक्छ । उहाँले बढी नै माया गरेको पनि हुन सक्छ,'यादवले भने ।

आफूलाई कानुन मन्त्रालयको जिम्मेवारी दिइएको विषयलाई उनले संविधान संशोधनसँग पनि जोड्न खोजे । समाजवादीले संविधान संशोधनका विषयमा सहमति गर्दै नेकपासँग सत्ता-सहयात्रा गरेकाले अब त्यो सहमति कार्यान्वयन गर्ने अवसर आएको उनले बताए । 'संविधान संशोधन गर्ने विषयमा दुई वर्षअगाडि नै हस्ताक्षर भएको हो, अब कार्यान्वयन गर्ने बेला आएको छ,' उनले भने ।






## सम्पादकीय

# पारवहनमा फड्को

झण्डै दुई दशकपछि नेपाल-भारतबीचको पारवहन सन्धि पुनरावलोकन भएको छ/। यसअघि सन् १९९९ सम्म दुई देशबीचको पारवहन सन्धि स्वतः नवीकरण हुँदै आएको थियो। नयाँ सहमतिअनुसार नेपाल-भारत पारवहन सन्धिको प्रोटोकलमा जलमार्ग, बहुविधिक ढुवानी रूटहरू, ढुवानीका प्रक्रिया, भन्सार सहजीकरण र नेपाली ध्वजावाहक पानीजहाज सञ्चालन गर्ने विषयलाई समावेश गरिएको छ।
नेपाल-भारत पारवहन सन्धिको विस्तृत पुनरावलोकनको लागि सम्पन्न वाणिज्य सहसचिवस्तरीय दुईदिने बैठकमा यस्तो सहमति भएको हो। त्यस्तै रेलमार्फत बल्क कार्गो ढुवानीका लागि वीरगञ्ज-रक्सौल नाकाका अतिरिक्त विराटनगर-जोगबनी र भैरहवा-सुनौली नाकासमेत खुल्ला गर्ने गरी पारवहन सन्धिको प्रोटोकलको मस्यौदामा समावेश गरिएको हो।
अहिलेलाई भारतका २ बन्दरगाहहरू धाम्रा र मुन्द्रा नेपालका लागि खुल्ला गर्न गरेको प्रस्तावमा भारतले आन्तरिक छलफल गरी जवाफ पठाउने छ। त्यस्तै तेस्रो मुलुकसँग भारतीय भूमि हुँदै आवतजावत गर्ने कार्गो कन्टेनरहरूमा विद्युतीय कार्गो ट्र्याकिङ प्रणाली लागू गरी ट्रान्सिप्मेन्ट प्रक्रिया लागू गर्ने विषयमा पनि भारतले आन्तरिक छलफल गरी धारणा पठाउने सहमति भएको छ। त्यस्तै नेपाल-भारत पारवहन सन्धिको म्याद २०२० जनवरी ५ देखि लागू हुनेगरी स्वतः नवीकरण हुने र दुवै देशले आन्तरिक प्रक्रिया पूरा गरी प्रोटोकलमा यथाशीघ्र हस्ताक्षर गर्ने सहमति पनि भएको छ।

**नेपाल र भारतबीचको पारवहनलाई थप सहज बनाउन दुवै देशले धेरै काम गर्न सक्छन्। भूपरिवेष्ठित मुलुक नेपाललाई बन्दरगाहसम्मको निर्वाध पहुँच उसको अन्तर्राष्ट्रिय अधिकार हुनेछ।**

पछिल्लोपटक सन् १९९९ मा पारवहन सन्धि पुनरावलोकन भएको थियो। अहिले सन्धि पुनरावलोकनका लागि उच्चस्तरीय राजनीतिक समझदारी भइसकेको छ। प्रधानमन्त्रीस्तरको उच्च तहबाट सन्धि पुनरावलोकनका लागि निर्देशन आएको छ र सोहीअनुसार पुनरावलोकनको प्रक्रिया चलेको हो। सन् १९९९ यता भएका नयाँ व्यवस्था तथा विकासअनुसार सन्धि पुनरावलोकन भएको हो। अब प्रविधि र आवश्यकताले उपयुक्त देखिएमा पारवहनको उपयोग अझ विस्तार गरिँदै साना पानीजहाज कलकत्ताबाट सिधै नेपाल ल्याउन सकिनेछ। यस्ता आवश्यक्ता र भविष्यमा देखिने सम्भावनालाई सम्बोधन गर्न दुवै देशले पारवहनलाई निरन्तर पुनरवलोकन गर्दै आएका छन्। यसपटकको बैठकमार्फत लामो समयदेखि सम्भावना देखिएको नेपालको आफ्नै जलयातायात र बल्क कार्गोजस्ता विषय सन्धिमा समेटिन सक्ने भएकाले आगामी दिनमा नेपालले पारवहनमा विगतभन्दा बढी लाभ लिन सक्नेछ।
नेपाल र भारतबीचको पारवहनलाई थप सहज बनाउन दुवै देशले धेरै काम गर्न सक्छन्। भूपरिवेष्ठित मुलुक नेपाललाई बन्दरगाहसम्मको निर्वाध पहुँच उसको अन्तर्राष्ट्रिय अधिकार हुनेछ। भारतले नेपालमा सुक्खा बन्दरगाह निर्माणदेखि धेरैभन्दा धेरै नाका र बन्दरगाह प्रयोग गर्न दिने, डिमिरेज चार्जमा पुनरवलोकन जस्ता सुविधा उपलब्ध गराउनुले दुवै देशको व्यापारलाई थप सहज बनाउनेछ। नेपाल र भारतबीच सौहार्द सम्बन्ध रहँदै आएकाले नेपालमा आउने वस्तुको यातायात लागत कम गर्न भारतले धेरै विकल्प प्रदान गर्नसक्छ। ढुवानी खर्च महँगो हुने भएकाले उपभोक्तासम्म यसको प्रभाव पर्ने अनुभवलाई दृष्टिगत गरी नेपालले पारवहनमा सुविधा खोजी गर्नु र भारतले त्यसलाई स्वीकार गर्दा दुई देशको आर्थिक र नागरिक सम्बन्धलाई अझ मजबुत बनाउनेछ।
चीनबाट व्यावसायिक रूपमा इन्धन आयात गर्न व्यापार तथा पारवहन सम्झौता भए पनि अहिले त्यो विषय ओझेलमा परेको छ। नेपालको निर्यात व्यापारको वृद्धिदर अत्यन्त न्यून रहेको र आयात वृद्धिदर अत्यन्त धेरै रहेको छ। त्यसर्थ, नेपाल-भारत व्यापारबीच समस्या देखिएमा नेपालको वैदेशिक व्यापारमा तत्कालै असर पर्न जान्छ। नेपालको भारततर्फ निर्यात व्यापारको वृद्धिदर अत्यन्तै न्यून र भारतबाट आयातको वृद्धिदर अत्यन्तै धेरै रहेकाले नेपाल-भारत व्यापारबीच समस्या समाधानार्थ सधैं सचेत रहनु जरूरी छ।
भारतसँग नेपालको व्यापार सन्तुलन भारतको पक्ष तथा नेपालको विपक्षमा बढ्दै रहेकाले नेपाल-भारत व्यापार सन्धिले नेपालको निकासी प्रवर्द्धनोन्मुखतर्फ हुने गरी उपयोग गराउन सरकारको समन्वय हुने गरी नेपाल-भारत व्यापार सन्धि व्यवहारमा उतार्नु आवश्यक छ। नेपालको एकल पहिलो व्यापारिक साझेदार मुलुक भारत नै हो। त्यसैले नेपाल-भारत व्यापार सन्धिका प्रावधानबाट नेपालको निकासी प्रवर्द्धन गर्ने तर्फ नेपाली पक्ष सचेत हुनुपर्छ।

## सातको सात बात


तराई-मधेशको विकासमा अवरोध गर्ने र दुःख दिनेविरूद्ध म आफैं अनशन बस्छु। मधेशको विकास र समृद्धिको यात्रामा हुने अवरोध सह्य हुँदैन। प्रदेश २ को विकास निर्माणमा कामले गति लिन नसक्नुको कारण ठेकेदार पनि हुन्। **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**


संविधान त संशोधन हुन्छ। हाम्रो संविधान असंसोधनीय होइन। प्रदेश नम्बर २ मा राजपा र समाजवादी पार्टीको गठबन्धनको सरकार अहिले निरन्तर रहन्छ। प्रधानमन्त्रीले मलाई संविधान संशोधन गराउनको लागि कानुन मन्त्रालयको जिम्मा दिनुभएको हो। **उपेन्द्र यादव, उपप्रधान तथा कानून, न्याय तथा संसदीय मामिलामन्त्री**


नेपाली भु-भाग जोगाउन सरकारले सीमा क्षेत्रमा थप सुरक्षा चौकी राख्ने प्रक्रिया अगाडि बढाएको छ। ३०/३५ किलोमिटरको फरकमा रहेका सीमा सुरक्षा निगरानी चौकीको दुरी घटाएर १० किलोमिटरमा झार्न लागिएको हो। **रामबहादुर थापा, गृहमन्त्री**


समाजवादी पार्टी सरकारबाट नबाहिरिएकाले तत्काल एकताको सम्भावना छैन। संविधान संशोधन, मधेश आन्दोलनका क्रममा आन्दोलनकारीमाथि लगाइएको मुद्दा फिर्तालगायतका मागहरू सम्बोधन नभएसम्म तत्काल हाम्रो पार्टीले संघीय सरकारलाई सहयोग गर्न सक्दैन। **राजेन्द्र महतो, अध्यक्ष मण्डलका संयोजक, राजपा नेपाल**


कर्णाली प्रदेशको सबैभन्दा पहिला प्रदेश नामाकरण गऱ्यौं। अप्ठ्यारो भौगोलिक संरचनाका बाबजुद पनि कर्णाली प्रदेशका दशै जिल्लामा प्रशासनिक संरचना बनायौं। संघीयता हुने बित्तिकै विकास भइहाल्ने होइन। कुनैपनि विकासको लागि विज्ञानको नियम हुन्छ। **महेन्द्रबहादुर शाही, मुख्यमन्त्री, कर्णाली प्रदेश**


राजपालाई संघीय सरकारमा सहभागी हुनको लागि ढोका अहिले पनि खुल्ला छ। हामीलाई सरकारमा जान वा नजानका लागि समाजवादी पार्टी सरकारमा हुनु र नहुनुले अर्थ राख्दैन। हामी बालुवाटारको ढोका कुरेर बसेका छैनौं। **राजकिशोर यादव, नेता, राजपा नेपाल**


संक्रमणकाल नसकिदासम्म संघीयताको अनुभूति गर्न सकिदैंन। त्यसका लागि अझै दुई तीन वर्ष लाग्न सक्छ। प्रदेश सरकारले राम्रा योजनाहरू कार्यान्वयन गरिरहेको छ त्यसको प्रतिफल आउन केही समय लाग्छ। **डोरमणि पौडेल, मुख्यमन्त्री, प्रदेश ३**

# मधेश नै षड्यन्त्रको शिकार किन ?

## विचार-विश्लेषण भाग-४९


उपेन्द्र झा

**६ प्रदेशमा एकलौटी नेकपाको सरकार रहेकोले त्यहाँ कुनै किसिमको अन्तर्विरोध छैन तर सानो टुक्रामा मधेशको सरकारलाई राज्यको अनेक प्रताडना भोग्नुपरेको छ।**

रंगभेदका कारण शदियौंदेखि खसवर्गीय राज्यसत्ताले मधेशसँग कायम गर्न नसकेको भावनात्मक सम्बन्ध अन्ततोगत्वा ०६३ माघ ५ गते विद्रोहको रूपमा प्रस्फुटित भयो। मधेशसँग नियतवश राखेको अन्तर्विरोध आन्दोलनपछि चर्को रूपमा देखा पऱ्यो। मधेशीलाई भारतीय मानसिकताको बुझ्ने शासकवर्गले विखण्डनकारीको रूपमा हेर्न थालिएपछि भेदभाव चर्को रूपमा देखिन थाल्यो। वंशजको नेपाली नागरिकता पाएपनि मधेशीलाई राज्यको हरेक अंगको प्रवेशमा अप्रत्यक्ष रोक लगाइएको छ। मधेशीसँग चरम भेदभावका कारण नेपालमा दुई राष्ट्रियताको जन्म भएको हो।

मधेशमाथि शंका लागि राज्यसत्ताले बडो चलाकी साथ आफ्नो सम्पूर्ण राजनीति, साजिश र षड्यन्त्र मधेशमाथि केन्द्रित गरेको छ। बुझिनै नसक्ने मधेशकेन्द्रित राज्यको षड्यन्त्रलाई मधेशका अवसरवादीहरूले तिकडमी व्याख्या गरी चोख्याउने प्रयास गरेको छ। विपन्नताका कारण मधेशमा संघर्षको विरूद्ध अवसरवादी किल्ला बनाउन सफल राज्यसत्ताले अरू अनेक मनमोहक षड्यन्त्रात्मक प्रविधि मधेशमा स्थापित गर्न तल्लीन छ। मधेशको अधिकारवादी आन्दोलनलाई निस्तेज पार्न अवसरवादी ताकत कारगर सिद्ध हुने राज्यले लिएको नीति अनुसार प्रयोग सफल पनि देखिएको छ।

अवसरवादकै सहारा लिएर ०६४ सालको चुनावमा संविधानसभामा देखिएको मधेशको उल्लेखनीय प्रतिनिधित्वलाई न्यून गर्न, दोस्रो संविधानसभामा मधेशको प्रतिनिधिलाई साक्षीको रूपमा राख्न सफल भयो। मधेशलाई ६ टुक्रामा विभक्त गरी अष्टाबक्रीय संविधान जारी भयो। मधेशलाई कित्ताकाट गरी एउटा सानो टुक्रामा (८ जिल्लाको) सीमित पाऱ्यो। मधेशमाथि भएको यो आघातबाट कसैलाई दुखेन। निजी स्वार्थमा रूम्मलिएको अवसरवादलाई मधेश र मधेशको अधिकारसँग के सरोकार। मधेशलाई काट्दिै रहयो। छोट्याउँदै रह्यो। आहत गरी रक्ताम्य बनायो। तर, मधेशका लागि मरिमेट्ने भनेर दिनदिनै किरिया खानेको संख्या दर्जनौं भएपनि प्रतिरोधको ताकत कसैमा रहेन। राज्यसत्तासँग सुरताल मिलाएर एक टुक्रा भूमि पाएर रमाएका छन्।

पश्चिमको मधेशी बाहुल्य जिल्लाहरू नवलपरासी, कपिलवस्तु, रूपन्देही, बाँके, बर्दिया, दाङ, कैलाली, कञ्चनपुर आदिलाई पहाडसँग जोडेर मधेशी, थारूको पहिचानलाई सदाका लागि समाप्त गरिएको छ। यस क्षेत्रका तमाम मधेशी थारूका आवाजलाई बलपूर्वक दबाइएको छ। यसो गर्न अरू कारणहरू मध्ये मधेशको अवसरवादी प्रवृत्तिको भूमिका उल्लेखनीय छ।

आठ जिल्लामा सीमित प्रदेश नं. २ को स्वामित्व लिने मधेशी अगुवाहरू अन्य प्रदेशको मधेशी, थारू समस्याबारे दृढतापूर्वक बोल्न रूचाउँदैनन्। अप्ठ्यारो परेको बेला यदाकदा आवाज उठाएपनि राज्यको विरूद्ध जाने हिम्मत छैन।

हालै प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो मन्त्रिमण्डल पुनर्गठन गर्दा आफ्नै पार्टीका मधेशीहरूलाई हटाउँदा उपेन्द्र यादवलाई स्वास्थ्य मन्त्रालयबाट कानून मन्त्रालयमा सरूवा गर्दा सम्मान ठान्ने उपेन्द्र यादव, लालबाबु पण्डितभन्दा पनि विश्वासपात्र ठहरिएका छन्। कुकुरको मासुलाई खसीको मासु भनेर खाने माँसाहारीका लागि यो कुनै अनौठो कुरा होइन। अवसरको खोजी गर्न राजपा पनि समाजवादीभन्दा फरक छैन।

राजपा उद्देश्य ठम्याउन नसकेर दिशाविहीन बनेको छ। राजपा न त जनताको कित्तामा छन् न सरकारको कित्तामा। दिशाविहीताको यस्तो अवस्थामा अस्तित्व नै सकेर जाने स्थिति पनि विद्यमान छ। समाजवादी पार्टीमा अनावश्यक सबैकुरा सामेल भएकोले यो आफ्नो मौलिक पहिचान गुमाएर उभयलिङ्गी बनेको छ। मधेशको सरकारको स्वामित्व लिई राख्दा मधेशको अधिकारवादी आन्दोलनको स्वामित्व लिइराख्दा मधेशो अधिकारवादी आन्दोलनको स्वामित्व अरूमा सरेको मान्न सकिन्न। वैधानिक रूपले मधेशको पूर्ण स्वामित्व समाजवादी पार्टी र राजपासँग छ। तर पनि दिशाविहीनताको अवस्थालाई घोर अवसरवाद नभनी अरू के भन्ने ? सरकारबाट समर्थन फिर्ता लिए पनि आफ्नो धार स्पष्ट पार्न नसक्नु कुनै न कुनै किसिमको अवसरवाद नै हो। समाजवादी पार्टीका अधिकांश आवाज सरकार छोडेर जनताको पक्षमा जाने विचार अभिव्यक्त भइरहँदा उपेन्द्र यादवले पहिले संविधान संशोधन गर्न सरकारलाई सहयोग गर्ने भनेका थिए भने अहिले नेपाली भूमि भारतबाट फिर्ता गराउन सरकारलाई सहयोग गर्ने अभिव्यक्ति दिएका छन्। फेसबुकमा आएको यो अभिव्यक्ति कति सही हो उनै जानून्। यदि यो सही हो भने यस्तो गुलाम मानसिकताबाट मधेशले के आश गर्ने ? सरकारबाट बाहिरिँदा राज्यकोपको शिकार हुने पर्याप्त आशंका उपेन्द्र यादवलाई रहेकोले सरकारमा बस्ने बाध्यता छ।

यसरी विपन्न मधेशको राजनीतिक अगुवाहरूलाई प्रलोभनको माध्यमबाट आफ्नो प्रभावमा पारर मधेशमा राज्य षड्यन्त्रलाई अगाडि बढाइएको छ। ६ प्रदेशमा एकलौटी नेकपाको सरकार रहेकोले त्यहाँ कुनै किसिमको अन्तर्विरोध छैन तर सानो टुक्रामा मधेशको सरकारलाई राज्यको अनेक प्रताडना भोग्नुपरेको छ।

यहाँ शासकवर्गको कुनै धार्मिक पहिचान पनि छैन। हिन्दू धर्मावलम्बीहरूको बाहुल्य रहेको नेपालमा अहिले क्रिश्चियनबाट भएको सामाजिक आक्रमणमा हिन्दू प्रतिरक्षा पंक्तिमा पुगेका छन्। राजनीतिक स्वार्थ पूरा गर्ने मानसिकतामा रहेको शासकवर्ग क्रिश्चियनको गुलाम नै बनेर नेपालमा क्रिश्चियन धर्मलाई प्रोत्साहन गरेको छ। नेकपा तथा नेपाली कांग्रेसका शीर्षस्थ कतिपय नेताहरू अहिले पनि डब्ल्यूपीएफको वैतनिक सदस्य रहेको चर्चा हुने गरेको सुनिन्छ। धन प्राप्त गर्न जेपनि गर्ने शासकवर्गको एउटा निश्चित स्वरूप भने छैन।

मधेशमा राज्यले आफ्नो प्रभाव कायम गर्न गरिएको राजनीतिक षड्यन्त्र त छँदैछ। मधेशको सामाजिक र धार्मिक संस्कृतिलाई जरैदेखि परिवर्तन गराउने विदेशी शक्तिका दलालहरू मधेशलाई केन्द्र बनाएको छ। अवसरवादको बाटो आफ्नो अभिष्ट पूरा गर्ने विदेशी रणनीतिका सूत्रधार आफ्नै राजनीतिक अगुवाहरू भएकोले मधेशको आफ्नो मौलिक संस्कृतिमाथि भइरहेको प्रहारलाई रोक्न मधेशका वीर स्वाभिमानी सपूतहरू जाग्ने बेला आएको छ। हाम्रो मुटुसम्म शासकवर्गको पहुँच हुनै लागेको मिहीन यथार्थलाई सबैले बुझ्न आवश्यक छ। गरीब देश नेपाल भएकोले क्रिश्चियन प्रलोभन ताकतवर छ। धर्म परिवर्तन गराउने अभियानलाई परास्त गरी आफ्नो मौलिक संस्कृति र धर्म जोगाउनु हाम्रो कर्तव्य हो।

*janukjha24@gmail.com*

# जनकपुरधाममा विवाहपञ्चमीको रौनक


सुधा मिश्र

*सीयाके सकल देखि झकथि जनक ऋषि*
*आबे सीया रहली कुमारी गे माई*
*सीया जुगुत वर कतहु ने भेटल*
*आबे सीया रहली कुमारी गे माई*

मार्ग शुक्ल पंचमीको दिन त्रेता युगमा भगवान राम र माँ जानकीको शुभ विवाह भएको थियो। यही दिनलाई विवाह पंचमी भनेर मनाइने गरिन्छ। मिथिला नरेशका चार छोरीहरू सँग अयोध्या नरेशका चार छोराहरूको विवाह भएको थियो।विवाह पंचमी हरेक साल बडो हर्षोल्लासका साथ जनकपुर धाममा मनाइने गरिन्छ। विवाह पंचमीको तयारीमा प्रदेश, नगर र नागरिक सबैजना आआफ्नो ठाउँबाट जुडिएका हुन्छन्। जनकपुरधाम झकि( झकाउ हुन्छ भने जानकी मन्दिर नव कन्याझै सजाइन्छ। जनकपुरधामको बाह्र बिघामा स्वयंवरको तयारी गरिन्छ। हुन पनि हो छोरीको विवाह हो।त्यसैले जनकपुरवासीको आनन्दको सीमा नै हुदैन।

सप्ताहव्यापी रूपमन मनाइने श्री सीताराम विवाह पंचमी महोत्सवमा सहभागी हुन भारतबाट जन्ती आउने चल्न छ। भारतको अयोध्यासहित रामजानकी मन्दिर रहेको भारतको विभिन्न स्थानबाट बाजागाजा तथा झाँकी सहित विशिष्ट साधुसन्तहरू जन्तीको रूपमा जनकपुर धाम आउने गर्छन्।

सप्ताहव्यापी विवाह महोत्सव अन्तर्गत मंसिर १० गते नगर दर्शन संगै सीयाराम विवाह महोत्सवको शुभारम्भ गरियो। ११ गते फुलबारी लीला, १२ गते धनुष यज्ञ र आज १३ गते शुक्रबार स्वयंवर गरिन्छ। स्वयंवर सकिए पछि १४ गते मटकोर, १५ गते शुभविवाह तथा १६ गते रामकलेवासंगै विवाह पंचमीको समापन हुन्छ।

सीता स्वयंवरको तयारी बाह्र बिघामा गरिएको छ। जहाँ सीता मैयाले राम भगवानलाई जयमाला लगाउनु हुन्छ ।भनिन्छ स्वयंवरको बेला अग्लो राम ननिहुरिएकाले सीतालाई माला लगाउन असजिलो भएको थियो। त्यही बखत लक्ष्मण गएर रामको चरण स्पर्श गर्दा राम झुक्नु भयो अनि सीताले माला लगाइदिनु भएछ।

विवाह पंचमीको दिन विवाहको लागि साइत हेर्नू पर्दैन भनी जनविश्वास रहिआएको छ। यो दिन सिउँदोमा सिन्दुर लाए पनि विवाहको सारा प्रावधान हुने गर्छ। विवाह पंचमीको दिन भक्तिको साथ सीतारामको पुजा अराधना गरेपछिविवाहमा आउने वाधाअडचनहरूको अन्तय हुन्छ। जसरी सीता र रामले आफुले चिताएको पति र पत्नी पाए त्यसरी नै सबैको इच्छा पूरा हुने गर्छ। विवाह पंचमीको दिनलाई शुभ विवाहको लागि शुभ मुहुर्त मानिन्छ। यो दिन दर्शनार्थीको घुइचो हुन्छ। लाखौको संख्यामा श्रद्धालुहरू आएका हुन्छन्।

विवाह पश्चात् मैयाँ जानकीको जीवनमा आएको दुःखको सागर र पति( पत्नी बिच भएको बिछोड( वियोगको कारण कहि( कहि ठाउँमा आमाबुवाले आफ्नो छोरीलाई मार्ग महिनामा विवाह गर्दैनन्। मार्ग महिनाको विवाहलाई असफल विवाह मान्ने गर्छन्।

मिथिलालाई धानको भणडार भनेर पनि चिनिने गरिन्छ। भनिन्छ जब राजा जनक आफ्ना साराथोक छोरीलाई दिएर बिदाई गर्दा छोरी जानकीले आफ्नो खोइछामा रहेको धान पछाडि छर्कदै बिदा भएका थिए। त्यसैले अहिले पनि मिथिलामा छोरीको बिदाइ द्विरागमन हुदा छोरी खोइछामा दिइएको धान आँजुर भरी लिई पछाडि छर्कदै बिदा हुन्छन् ।जसलाई घरभरी भनिन्छ। जस अनुसार छोरी आफ्नो ससुराल सँगै माइतलाई पनि त्यति नै सम्पन्न देख्न चाहन्न छन् भने बुझिन्छ।

जनकपुर र अयोध्याको नाता युगौयुग देखिको हो। यो एक पवित्र, पारिवारिक र सामाजिक नाता हो। जहाँ जनकपुरको छोरी सीता र अयध्याको छोरा रामको गठबंधन भएको हो। जसरी यो पवित्र नातामा नेपाल र भारत रम्दै आइरहेका छन् आगामी दिनहरूमा पनि अझै उन्नति र प्रगती होस्।

# ढिलोचाडो प्रक्रिया पुऱ्याएर संविधान संशोधन हुन्छ

सरकारले संविधान संशोधनको प्रक्रिया अगाडि बढाउँदैन भने त सरकारमा बसिरहनुको कुनै ओचित्य रहँदैन । ढिलो चाँडो प्रक्रिया पुऱ्याएर संविधान संशोधन हुन्छ भने केही समय प्रतिक्षा पनि गर्न सक्नुपर्छ ।



## विमल प्रसाद श्रीवास्तव
## प्रतिनिधिसभा सदस्य, समाजवादी पार्टी

**० तपाईहरू संघीय सरकारमा सहभागी हुनुहुन्छ तर सरकारले गर्ने निर्णयमा तपाईको पार्टीसँग छलफल गरिदैंन । यस्तो अवस्थामा सरकारमा बसिराख्नुको औचित्य के हो ?**

– यसै विषयमा छलफल गर्नका लागि हाम्रो पार्टीको बैठक बसेको थियो । कतिपय विषयहरूमा सहमति पनि भयो भने कतिपय कुराहरूमा असहमति पनि भयो । असहमति भएका विषयमा छलफल गर्न ४ जनाको समिति निर्माण भएको छ । सरकारसँग संविधान संशोधनको विषयमा र अन्य समसामायिक विषयमा त्यो समितिले छलफल गर्नेछ ।

**० तपाईको पार्टी अध्यक्षलाई स्वास्थ्य मन्त्रालयबाट कानुन मन्त्रालयमा पठाइएको छ र यो विषयमा पनि कुनै छलफल भएन भन्ने सुनिन्छ नि वास्तविकता के हो ?**

– के कारणले यस्तो गरिएको हो त्यही विषयमा कुरा गर्नका लागि त समिति निर्माण गरिएको छ । अब समितिले गर्ने निष्कर्षकै आधारमा मात्र केही भन्न सकिन्छ ।

**० सरकारको यस्तो व्यवहारले तपाईहरूलाई उपेक्षा गरेजस्तो लाग्दैन ?**

– पार्टीले यो महसुस गरिरहेको छ तर अहिले नै यस विषयमा टिकाटिप्पणी गर्नु मनासिब हुँदैन । सरकारले गर्ने हरेक निर्णयमा साझेदारी पार्टीको हैसियतले हाम्रो पनि सहभागिता हुनुपर्ने हो र किन त्यस्तो भइरहेको छैन भनेर समितिले निष्कर्ष निकाल्छ र त्यसपछि मात्र मिडियामा भन्न मिल्छ ।

**० तपाईहरू सरकारमा बसेर नै सरकारको विरोध गरिरहनु भएको छ । त्यसैले पनि सरकारले गर्ने निर्णयमा तपाईहरूसँग सहकार्य नगरिएको कि ?**

– जनप्रतिनिधिको हैसियतले पनि सरकारले नराम्रो काम गरेको छ भने त बोल्नैपर्छ । सरकारमा छौं भन्दैमा सरकारका हरेक निर्णय मान्नैपर्छ भन्ने हुँदैन, जहाँ त्रुटि भएको छ त्यसलाई सच्याएर अगाडि बढ्नुपर्छ । यदि यही इगोले गर्दा हामीसँग सहकार्य नगरेको हो भने त्यो सरकारको कमजोर पक्ष रह्यो । सरकारले गरेका कतिपय राम्रा कामलाई हामीले सहयोग पनि गर्दै आएका छौं । केही त्यस्ता त्रुटि भएका छन् भने त्यसलाई सच्याउनुपर्छ भनेर अगाडि नै राखेका छौं । मन्त्रिपरिषद् हेरफेरको विषयमा कतिपय सत्ताधारीकै नेताहरूले पनि गलत भयो भनिरहेकैं छन् । त्यस्तो कुराहरूलाई इस्यु बनाउनु हुँदैन ।

**० स्वास्थ्य मन्त्रालयबाट कानुन मन्त्रालय पुग्दा कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

- स्वास्थ्य मन्त्रालय भन्ने बित्तिकै राम्रो र ठूलो तथा कानुन मन्त्रालय भन्ने बित्तिकै नराम्रो र सानो भन्ने होइन । सबै मन्त्रालयका आ-आफ्ना काम, कर्तव्य र अधिकारहरू हुन्छन् । मुलुकको कानुन निर्माण गर्ने र त्रुटि भएको सच्याउने काम कानुन मन्त्रालयले गर्छ । यसलाई पनि कम महत्वपूर्ण मान्न सकिंदैन । जिम्मेवारी लिएपछि जुनसुकै जिम्मेवारीलाई पनि पुरा गर्न सक्नुपर्छ । सहमति गरेर मन्त्रालय परिवर्तन गरिदिएको भए राम्रो हुन्थ्यो भन्ने सबैलाई लागेको छ । यस विषयमा हामी सरकारसँग कुरा गर्छौं ।

**० तपाईहरूले सरकारमा सहभागी हुँदा गर्नुभएको सहमतिमै कति समय भित्र संविधान संशोधनको प्रक्रिया अगाडि बढाउने भन्ने स्पष्ट पार्नुभएको थिएन, अब सरकारमा बसेर सरकारसँगै वार्ता गर्न सुहाउँला ?**

– एउटै परिवारभित्र पनि कुनै विषयमा कोही असन्तुष्ट भयो भने सबैजना बसेर छलफल गरिन्छ । सरकार पनि एउटा परिवार जस्तै हो । यहाँ भित्र भएका कमीकमजोरी, सोचे अनुरूप नभएका कामहरूको विषयमा छलफल गर्न सुहाउने वा नसुहाउने भनेर सोच्नुपर्ने अवस्था रहँदैन । संविधान संशोधनका लागि दुई तिहाई बहुमत आवश्यक पर्छ । हामी सरकारमा सहभागी नहुँदा दुई तिहाई बहुमत पुग्ने अवस्था थिएन । त्यसैले संविधान संशोधन गराउनका लागि भए पनि पनि सरकारमा सहभागी भएका हौं । यदि दुई तिहाई बहुमत हुँदाहुँदै पनि सरकारले संविधान संशोधनको प्रक्रिया अगाडि बढाउँदैन भने त सरकारमा बसिरहनुको कुनै ओचित्य रहँदैन । ढिलो चाँडो प्रक्रिया पुऱ्याएर संविधान संशोधन हुन्छ भने केही समय प्रतिक्षा पनि गर्न सक्नुपर्छ । सरकारमा सहभागी हुनुको मूल उद्देश्य नै संविधान संशोधन हो ।

**० प्रधानमन्त्रीले आवश्यत्ता र औचित्यका आधारमा संविधान संशोधन हुन्छ भनिरहनुभएको छ, अहिलेसम्म त्यो महसुस भएकै छैन, संशोधन कहिले होला ?**

– प्रधानमन्त्री लामो समयदेखि बिरामी भइरहनुभएको छ । अहिले पनि उहाँ अस्पतालमा हुनुहुन्छ । संसदले के के भूमिका निर्वाह गर्नुपरेको छ, कति कानुन निर्माण भएका छन् त्यो त तपाईहरूले पनि हेरिरहनुभएको छ नि । संसद पनि आफ्नो प्रक्रिया अनुरूप अगाडि बढ्ने हो । त्यसैले आजको भोलि संविधान संशोधन हुन्छ भन्ने छैन तर त्यसका केही आफ्नै निश्चित प्रक्रियाहरू हुन्छन् । हतार गरेर मात्र हुँदैन ।

**० राजपासँगको एकीकरणको प्रक्रिया कहाँसम्म पुग्यो, अहिले रोकिएको हो कि ?**

– एकीकणको प्रक्रिया रोकिएको छैन । राजपा पार्टीभित्र अध्यक्ष नै ६ जना हुनुहुन्छ । उहाँहरू बीचमा नै एकीकरण गर्न गाह्रो भइरहेको छ । तैपनि मिलेर जानुपर्छ भन्ने हाम्रो मनसाय हो । उहाँहरूबाट पनि समान एजेण्डा भएका पार्टीहरू एक भएर अगाडि बढ्नुपर्छ भन्ने मनसाय आइरहेको छ । हामीले बाबुराम भट्टराईको नयाँ शक्ति पार्टीसँग पार्टी एकीकरण गरेका छौं । अब सबैको सहमतिको आधारमा पार्टी एकीकरणको प्रक्रिया अगाडि बढाउँछौं । यो विषय पनि चाँडै टुगिंन्छ भन्ने मलाई लाग्छ ।

**० तर, पार्टी एकीकरणका लागि समाजवादी सरकारबाट बाहिरिनुपर्छ भन्ने राजपाको सर्त छ नि ?**

– वार्ता, छलफलका क्रममा आफ्नो पार्टीको धारणा राख्नैपर्छ । अब त्यसमा मिलन बिन्दु खोज्न सकिन्छ । समाजवादी सरकारमा बस्दैमा एकीकरणमा बाधक हुने होइन । राजपासँग एकीरकरणको विषयमा छलफल गर्न हामीले वार्ता टोली गठन गरेका छौं । उहाँहरूले नै यो विषयमा छलफल अगाडि बढाउनु भएको छ । निर्णयमा पुगेपछि सबैलाई जानकारी गराइन्छ ।

**० भारतले नेपालका केही भूभागहरू आफ्नो नक्सामा पाऱ्यो भनेर विवाद उत्पन्न भएको छ । यो विषयलाई तपाईको पार्टीले कसरी लिएको छ ?**

– नेपालले आफ्नो एक इन्च भूमि पनि कसैलाई दिँदैन । त्यस्तै भारतले पनि आफ्नो भूमि कसैलाई दिँदैन । जुनसुकै राष्ट्रका नागरिकलाई पनि आफ्नो मुलुकको अखण्डता प्यारो हुन्छ । यहाँ त अनावश्यक वादविवाद बढी देखिन्छ । अनावश्यक हल्ला फैलाएर जनतामा भ्रम सिर्जना गराउने काम भइरहेको छ । कोहीले यसलाई नै राजनीतिक मुद्दा बनाएर अगाडि बढिरहेका पनि छन् । यदि कहिँकतै अस्पष्टता छ भने यो विषय दुई देशको आपसी सहमतिमा कुटनीतिक तबरबाट सुल्झाउनु पर्ने विषय हो । आरोप-प्रत्यारोप गरेर आफूलाई बढी राष्ट्रवादी साबित गर्ने गरिन्छ यस्तो ठिक होइन ।

**० सीमा विवाद छैन भन्नुहुन्छ ?**

– यो आजको विषय होइन । जमाना देखि उठेका विषयहरू हुन् । विं.स २०२६ सालमा पनि यो विषय उठेको थियो । त्यतिबेला कीर्तिनिधि विष्ट प्रधानमन्त्री हुनुहुन्थ्यो । त्यो बखत पनि यस्तै विवाद हुँदा राजा महेन्द्रले विष्टलाई प्रधानमन्त्री पदबाट हटाएका थिए । भारत र नेपालबीच मित्रताको सम्बन्ध छ । कुनैपनि मित्रलाई दु:ख पर्दा एक अर्काको दु:खमा सहयोग गर्नका लागि पनि समझदारीमा अगाडि बढ्नुपर्ने हुन्छ । अहिले आएर कसैले बुझेर वा नबुझेर त्यो विषय अगाडि ल्याएको हुनसक्ला । हामीलाई त्यसको विषयमा जानकारी भएपछि हामी आपसमा बसेर किन त्यस्तो भयो कसरी समाधान गर्ने एकअर्काको विश्वास लिएर अगाडि बढ्नपर्छ र यदि हाम्रो भूमि भारतले सार्वजनिक गरेको नक्सामा परेको छ भने त्यसलाई हामीले फिर्ता गराउनै पर्छ । तर भारतले विवादित भनिएको सीमास्थलमा सेना राख्दासम्म अहिलेसम्म हाम्रो त्यहाँ कुनै उपस्थिति नै छैन किन यस्तो भयो ? हामीले पनि त्यहाँ सशस्त्र, सेना, पुलिस के-के राख्नु पर्ने हो राखौं न । अनावश्यक रूपमा सडकमा नारा लगाउनु, दूतावास घेराऊ गर्नु समस्याको समाधान होइन ।

# सामान्य प्रशासन मन्त्रालयबाट संविधानविपरीत काम भयो



## राजीव कुमार झा
## शाखा अधिकृत, नेपाल सरकार

अहिले मन्त्रालयले मनपर्दी कसैलाई सरूवा, पदस्थापन भनेर पत्रहरू काटिरहेको अवस्था छ । मन्त्रालयले अहिले काटिने पत्रहरू कानूनसम्मत छैन । पदस्थापना भनेको सुरूको नियुक्ति वा बढुवा हुँदाको बखत उसको योग्यता, क्षमता र योग्यताक्रमको आधारमा उसलाई सम्बन्धित कार्यालयहरू छनोटको अवसर दिएर पदस्थापन गर्नुपर्दछ ।

**० संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीलाई तपाइँले चारबुँदे ध्यानाकर्षणपत्र बुझाउनुभएको छ, के छ त्यसमा ?**

– राज्य पुनर्संरचनापश्चात निर्माण भएको स्थानीय तहमा निरन्तररूपमा प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्दै आइरहेको छु । त्यसक्रममा मैले धेरै नै स्थानीय तहका समस्याहरूको बारेमा विश्लेषण गरेको छु । ती कुराहरूलाई मन्त्रालयस्तरबाट हुने कर्मचारीहरूको खटनपटन र व्यवस्थापनको विषयमा मैले केही नीतिगत कुराहरू मन्त्री त्रिपाठीसमक्ष राखेको छु । जुन मन्त्रालयबाट अहिले ऐन कानून वा संविधानविपरीतका कामहरू भइरहेको छ, त्यसलाई रोक्न र नीतिगतरूपले अगाडि बढ्न सुझावसहित मैले ध्यानाकर्षणपत्रको रूपमा राखेको छु ।

**० तीनै तहमा कर्मचारीहरूको समायोजन भएको घोषणा भइसक्दा पनि विभिन्न समस्याहरू रहेको तपाइँले कोट्याउनुभएको छ, के-के समस्याहरू छन् त ?**

– समायोजन प्रक्रिया विगत लामो समयदेखि अगाडि बढ्यो । पूर्व मन्त्रीले समायोजन प्रक्रिया सफलतापूर्वक टुंगिएको घोषणा गर्नुभयो । तर, त्यसका समस्याका अवशेषहरू अझै पनि बाँकी छन् । कर्मचारीहरू अहिले सम्बन्धित तहमा काम गर्न गइसकेको अवस्था छैन । यो अधुरो छ । स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू हाजिर हुन जाँदा त्यहाँ हाजिर नगराई फिर्ता पठाउने गरेको यथार्थ छ । त्यसलाई मन्त्रालय वा निकायले कानूनबमोजिम सम्बोधन गर्नुपर्छ भनेर मैले भनेको छु । समायोजन ऐन २०७५ मा स्पष्ट व्यवस्था छ कि प्रशासकीय अधिकृत वा अधिकारीले समायोजन भएर हाजिर हुन गएका कर्मचारीहरूलाई हाजिर गराउने, हाजिर नगराउने त्यस्ता प्रशासकीय प्रमुख वा अधिकारीमाथि कानूनबमोजिम कारबाही हुनेछ भन्ने स्पष्ट प्रावधान छ । जुन-जुन स्थानीय तहमा समायोजन भएको हो तत् तत् स्थानीय तहमा नै कामकाज गर्न पठाउनुपर्छ र त्यसको चाजोपाजो कानूनबमोजिम मिलाउनुपर्छ भनेर मैले ध्यानाकर्षण गराएको हुँ ।

**० कर्मचारी समायोजन भइसक्दा कार्यान्वयनमा समस्या कहाँबाट आयो त ?**

– केही नीतिगत समस्याहरू छन्, केही मन्त्रालयले गर्ने व्यावहारिक कामहरूको पनि समस्या छन् । जिल्ला समन्वय समितिको दरबन्दी सवालमा मैले प्रश्न खडा गरेको छु । जिल्ला समन्वय समिति कार्यालयको सम्पूर्ण दरबन्दी संघको सेवाको दरबन्दी राखिएको छ । जुन संविधानत: गाउँपालिका, नगरपालिका र जिल्ला सभा स्थानीय तह हुनेछ भनेर स्पष्ट व्यवस्था गरेको छ । त्यस्तो स्थानीय तहको कार्यालय निश्चितरूपमा स्थानीय तहको कार्यालयअन्तर्गत पर्दछ । तर, समायोजन ऐनले अर्कोतिर के व्यवस्था गरेको छ भने गाउँपालिका र नगरपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत नेपाल सरकारले निजामती सेवाको अधिकृतस्तरको कर्मचारी खटाउने भन्ने व्यवस्था छ । त्यस्तै, जिल्ला समन्वय अधिकारीको रूपमा पनि निजामती सेवाको अधिकृतस्तरको कर्मचारी खटाउने व्यवस्था गरेको छ । त्यो बाहेक जिल्ला समन्वय समितिमा रहेका संघका दरबन्दीहरूमा कहाँबाट कर्मचारी खटाउने त्यसको कानूनले व्यवस्था गरेको छैन । समायोजन ऐन २०७५ ले संघको कर्मचारीलाई संघको कार्यालयमा खटाउने स्पष्ट व्यवस्था गरेको छ । तर, जिल्ला समन्वय समितिको कार्यालय स्थानीय तहको कार्यालय हुने भएकाले त्यसमा संघको कर्मचारी खटाउन मिल्दैन । अर्को विषय भनेको प्रमुख प्रशासकीय अधिकृत गाउँपालिका तथा नगरपालिकामा खटाउने सम्बन्धमा यहाँबाट भइरहेका कानूनविपरीतका क्रियाकलापहरू मन्त्रालयले रोक्नुपर्दछ भन्ने मैले सवाल खडा गरेको छु । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतसम्बन्धी व्यवस्था गरेको छ । त्यसैले, यी सबै कुराहरूलाई मन्त्रालयले कुनै किसिमको दबाब र प्रभावमा नपरी कानूनसम्मत तरिकाले कर्मचारीहरू खटाउनुपर्छ । तीन महिना, दुई महिनामा कर्मचारीहरूको जसरी सरूवा गरिरहेको छ, यो कानून सम्मत छैन ।

**० भनेपछि मन्त्रालयले कानूनविपरीत कर्मचारीलाई सरूवा गर्ने गरेको छ ?**

– अहिले मन्त्रालयले मनपर्दी कसैलाई सरूवा, पदस्थापन भनेर पत्रहरू काटिरहेको अवस्था छ । मन्त्रालयले अहिले काटिने पत्रहरू कानूनसम्मत छैन । पदस्थापना भनेको सुरूको नियुक्ति वा बढुवा हुँदाको बखत उसको योग्यता, क्षमता र योग्यताक्रमको आधारमा उसलाई सम्बन्धित कार्यालयहरू छनोटको अवसर दिएर पदस्थापन गर्नुपर्दछ । तर, अहिले पनि पदस्थापनको पत्र दिएर कानूनविपरीत काम गरिरहेको छ । समायोजनको ऐनमा स्पष्ट परिभाषा गरिएको छ कि समायोजन भनेको संघ, प्रदेश र स्थानीय सेवाको पदमा पदस्थापन गर्नु हो । त्यसले गर्दा नियमसंगत तरिकाले नै कामकाज, सरूवा वा पदस्थापन गर्नुपर्दछ ।

**० पूर्वमन्त्री लालबाबु पण्डितको कार्यकाल कतिको सफल रह्यो त ?**

– पूर्वमन्त्री लालबाबु पण्डितले निश्चितरूपमा महत्वपूर्ण कार्यहरू गर्ने प्रयास गर्नुभएको हो । कर्मचारीहरूको व्यवस्थापन गर्नु जरूरी थियो । तर, विभिन्न कोणबाट उहाँको सफलतामा प्रश्न उठाउने धेरै ठाउँहरू छन् । समायोजन प्रक्रिया टुंग्याएको घोषणा गरिए तापनि अहिले समस्याहरू देखिएका छन् । उहाँको पालामा सरूवा वा पदस्थापन वा कामकाजमा खटाउने समस्याहरू, विभिन्न दबाब र प्रभावको बल भएकोले मैले नवनियुक्त मन्त्री हृदयेश त्रिपाठीलाई ध्यानाकर्षणपत्र बुझाएको हुँ । अर्को कुरा, लोकसेवा आयोगले गरेको विज्ञापनबाट भएको पदपूर्तिमा पनि आरक्षणको सवालमा पनि उहाँकै समयमा यसप्रति असन्तुष्टि जाहेर भएकै थियो । समग्ररूपमा भन्नुपर्दा मन्त्रालयले जुन स्तरमा यी समस्याहरूको सम्बोधन गर्न सक्नुपर्दथ्यो, त्यतातिर उहाँ चुक्नुभएको जस्तो लाग्छ ।

**० तपाइँले नवनियुक्त मन्त्री त्रिपाठीलाई ध्यानाकर्षण पत्र बुझाउँदा उहाँको धारणा के थियो ?**

– उहाँ आइसकेपछि एउटा सूचना नै जारी गर्नुभएको छ कि तत्काल सरूवा, समायोजन, पदस्थापन, कामकाजका कुराहरू अर्को सूचना प्रकाशित नभएसम्म रोकिएको हो । यसलाई समयअनुसार नै गर्नुपर्छ । उहाँले व्यवस्थापकीय पक्षमा सुरूमै जोड दिनुभयो । मैले राखेका समस्याहरूको समाधान गर्नका लागि उहाँले उठाउनुभएको यो कदम सराहनीय छ । यो बाहेक उहाँले मानव संशाधन विकासमा मैले जोड दिनेछु, मानव संशाधन विकास गर्ने यो मन्त्रालय हो भन्ने प्रतिबद्धता जनाउनु भएको छ । त्यसैले, कर्मचारीहरूको वृत्ति विकास लगायतका सबै सवालहरूमा उहाँले ठोसरूपमा अगाडि बढ्नुपर्छ । मैले बुझाएको ध्यानाकर्षणपत्रलाई छलफलमा ल्याउने भनेर आश्वासन दिनुभएको छ । यी कुराहरूको समाधान नगरिकन कर्मचारीतन्त्रको व्यवस्थापन या मन्त्रालयको कामकाज सफलतापूर्वक अगाडि बढ्न सक्दैन । यसो नगरिए दबाब र प्रभावले अझै ठाउँ पाउँछ । त्यसैले, मन्त्रीज्यू यतातिर अवश्य नै ध्यान दिनुहुन्छ भन्ने मैले विश्वास लिएको छु ।

**० दुई/तीन महिनामै किन कर्मचारीलाई सरूवा गर्ने गरिन्छ त ?**

– कर्मचार सरूवाको विषयमा कर्मचारीको आफ्नो इन्टरेष्टको सवाल हुन्छ भने अर्को जनप्रतिनिधिहरूको । यसमा जनप्रतिनिधिहरू आफूले चाहेको काम जसरी पनि सम्पादन गरिनुपर्दछ भन्ने हिसावले अगाडि बढ्नुहुन्छ भने अर्कोतिर कर्मचारीहरू कानूनसम्मत तरिकाले कामहरूको सम्पादन गर्न अगाडि बढ्छन् । तर, कतिपय ठाउँमा यस्तै कुराले समस्या सिर्जना हुन्छ । र जनप्रतिनिधिहरू आफू अनुकूल, आफूले गरेका निर्णय अनुकूल, कानूनले व्यवस्था गरेका बाहेक काम गर्ने कर्मचारीहरू खोजी-खोजी ल्याउन चाहिरहेका हुन्छन् । त्यसैले जनप्रतिनिधिहरूको विशेष दबाबले यसमा काम गर्छ । तर, कर्मचारीहरूको सरूवा कानूनसम्मत तरिकाले गरिनुपर्दछ भनेर मन्त्रालयको अडान हुनुपर्दछ । कानूनबमोजिम नचलेका कर्मचारीलाई मन्त्रालयले सरूवा नगरी कारबाही गर्नुपर्दछ । शाखा अधिकृतको सरूवा मन्त्रालयस्तरबाट हुने भएकोले सचिव, मन्त्रीको सरोकार रहन्छ ।

**० तपाइँ तिलाठी कोइलाडी गाउँपालिकामा कार्यरत रहँदा गाउँपालिका अध्यक्षसँग तपाइँको कुरा नमिलेको भन्ने कुराहरू आएको थियो । किन ?**

– म तिलाठी कोइलाडी गाउँपालिकामा आएको तीन महिना नपुग्दै मन्त्रालयले मेरो सरूवा गऱ्यो । गाउँपालिकाको प्रमुख प्रशासकीयको रूपमा कामकाज गर्न थालिसकेपछि अचानक मलाई सरूवा गरेको खबरले स्तब्ध तुल्यायो । जनप्रतिनिधिले भन्दै हिंडेका थिए कि यो प्रमुख प्रशासकीय अधिकृतको सरूवाका लागि मन्त्रालयलाई आग्रह गरेको छु । अर्थात जनप्रतिनिधिको दबाब र प्रभावबाट मेरो सरूवा भएकोमा दुईमत छैन । कानूनसम्मत मेरो सरूवा भएको होइन । त्यसैले, मैले ध्यानाकर्षणमा उठाएका सवालहरू केवल मेरा लागि नभएर खासगरी स्थानीय तहमा काम गर्ने कर्मचारीहरूको सवालको रूपमा रहेको छ । मैले तिलाठी कोइलाडीमा सुशासन ल्याउने प्रयत्न गर्दा त्यहाँका जनप्रतिनिधिलाई पचेन ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# नेतृत्वविहीन विश्वविद्यालयहरू



**मनोज कुमार कर्ण**

हाल धेरै विश्वविद्यालयहरू पूर्णकालीन नेतृत्व अर्थात उपकुलपतिविहीन अवस्थामा छन् । कार्यवाहकको भरमा विश्वविद्यालय चलिरहेको छ । जसको कारणले स्वेच्छाचारी निर्णयहरू मनपरेको विचार वा व्यक्तिको हकमा धमाधम भईरहेको, सरूवाहरू भइरहेको सुनिन्छ । त्रिविको हकमा सहकुलपति शिक्षामन्त्रीको सर्च कमिटिले भीसी खोजी रहेको छ भने अन्य विश्वविद्यालयको पनि सोहि अवस्थामा छ । विश्वविद्यालयपिच्छे समयानुकूल अलि फरक ऐन छ जस्तै त्रिविमा रेक्टर छ भने कति नयाँमा यो पद छैनन् ! विश्वविद्यालयमा प्रायः सेमेष्टर प्रणाली लागू भईसकेको छ । जसलाई असफल पार्न पार्टीगतरूपमै एउटा विद्यार्थी तथा प्राध्यापककै वैचारिक वर्ग लागेको छ । उनीहरूले पार्टीगत लडाई सरकारसँग सडक र सदनमा नगरी विश्वविद्यालयमा गरिरहेको प्रत्यक्ष अनुभव गर्न सकिन्छ । सेमेष्टरले निर्धारित गरेको विद्यार्थीको हकमा न्यूनतम असी प्रतिशत हाजिरि, टर्म पेपर लेखन, प्रोजेक्ट वर्क, रिसर्च राईटिङ एमएलए वा एपीए वा विषयको आफ्नो विशिष्ट स्टाईलमा हुनुपर्ने, थेसिस प्रपोजल तथा थेसिस मौलिक लेखिएको, कक्षामा शिक्षार्थी तथा प्राध्यापक नियमित, ठिक समयमा पुग्ने र तोकिएको समयावधिभित्र कक्षामा क्रियाकलापमा रहनुपर्ने, सेमेष्टर परिक्षा धांधलीरहित तथा निष्पक्ष आदि हालको अवस्था निराशाजनक छ ! जो परिक्षाहलमा ईन्भिजिलेटर वा कक्षामा प्राध्यापक, क्याम्पसमा विभागीय प्रमुख वा सहायक क्याम्पस प्रमुख वा स्वयं प्रमुख नै व्यक्तिगतरूपमा ईमान्दार भई कडा हुन खोज्यो कि उसले औसतमा बढी अनैतिक तथा भ्रष्ट विद्यार्थी र प्राध्यापकको ग्यांगबाट ज्यानमाथि खत्तरा छ । परिक्षामा हरेक विद्यार्थी संघ वा संगठनका केही अवाञ्छित तत्वहरू सहायक वा क्याम्पस प्रमुख कै कक्षमा बसेर बकाईदा आफ्ना विद्यार्थीलाई चीट चोराउन सहयोग गर्ने, शौचालयमा गएर उत्तरपुस्तिका नै साटिदिने वा परिक्षाहलमा पहिल्यै टाँसेको सिट प्लान अनुसार सिम्बोल नम्बर च्यातेर मनलाग्दी बस्ने तथा क्याम्पस प्रशासन चाहिं बाहिर तैनाथ प्रहरी सुरक्षाकर्मीसहित टुलुटुलु हेरेर बस्ने अवस्था भने बोल्ने जुन विचारका जो व्यक्तिपनि आक्रमणमा पर्ने अवस्था छ । यस्तोमा चीटसमेत नै कसैले हलमा समात्यो भने कसले उसलाई निष्काशन गर्न सक्छ ? क्याम्पसहरूमा यति राजनीतिक हस्तक्षेप दलीय भागवण्डा विभिन्न प्रशासनिक पदमा हुन थाल्यो र यति औसतभन्दा बढी अराजक तथा माफिया विद्यार्थी तथा स्वयं पढाउन नचाह्ने प्राध्यापककै हुने भयो कि कोही व्यक्ति प्राध्यापक वा विभागीय प्रमुख वा सहायक क्याम्पस प्रमुख वा कसैले एउटा प्राज्ञिकभएर नै काम गर्न गाह्रो छ । यस्तो अवस्थामा केवल पद टिकाएर बायोडाटा भर्नेमा हाम्रा अधिकांश पदाधिकारीहरू क्याम्पसदेखि विश्वविद्यालयसम्म तल्लिन रहेको देखिन्छ । विश्वविद्यालयहरूले देशमा नैतिकवान, योग्य विद्यार्थी उत्पादन गर्नुपर्ने तथा देशको रूमल्लिएको राजनीतिलाई विश्वको मान्यता अनुसार उदार अर्थनीति र लोकतान्त्रिक मौजूदा राज्य व्यवस्था टिकाउने अनुसारको सोच राजनीतिक दल तथा नेतृत्वलाई दिनुपर्नेमा दल र नेताहरू नै विश्वविद्यालयहरूमाथि हावीभएको परिस्थिती छ ।

**उपकुलपतिको मापदण्ड**

त्रिविको उपकुलपति अर्थात् भीसीलगायत अन्य विश्वविद्यालय तथा तिनका जुनसुकै पदमा पनि उसको ऐनलाई टेकेर नै नियुक्त गर्ने, २०४६ सालको बदलिएको परिवर्तित राजनीतिक परिस्थितमा एकाध अपवाद नियुक्ति बाहेक, प्रावधानरहेको देखिन्छ । हालको परिस्थितीमा स्वार्थ र कपटबाहेकको अवस्थामा विश्वविद्यालयलाई पठनपाठनको मन्दिरबनाउन पदाधिकारी वा परिक्षा नियन्त्रक खासगरि नियुक्त गर्न यदि हलुका ऐन परिवर्तन नै गर्नुपर्नेछ भने हरेक दल तथा अनुभवी पूर्व भीसीहरूको सल्लाहमा सरकारले कदम चाल्नुपर्ने देखिन्छ । जस्तै, यदि त्रिविको मानौं परिक्षा निष्पक्ष र चीट् चोर्ने नभई धांधलीरहित लिनु छ र मौजूदा केवल विद्वत्वर्गबाट सम्भव छैन भने निजामति कर्मचारी, सेना र प्रहरीमध्ये पिएचडी होल्डर, निडर, नैतिकवानलाई एकाध कार्यकालको लागि किन नियुक्त नगर्ने ? ऐनको घेराबन्दी किन नतोड्ने ? त्यसतै, यी पदाधिकारीहरूमा चारवर्षे कार्यकालको भिजन प्रष्ट हुनुपर्ने, जुन विचारबाट भएपनि "ऐकेडिमिसियनको टिम" मिलाएर नियुक्त गर्ने । सरकार, सरकारीनीति, राज्य व्यवस्था आदि तथा कोर्ष अफ् स्टडीप्रति निष्ठावान भएपनि अनावश्यक राजनीतिक हस्तक्षेपविरूद्ध दलहरूलाई सम्झाएर अडान लिन सक्ने क्षमतावानपनि विश्वविद्यालय नेतृत्व हुनुपर्‍यो । साथै, स्वयं सरकारले राजनीतिक सहमतीमै नियुक्त गर्दा हस्तक्षेप गर्ने वा दबाव दिने जस्ता कामहरू नगर्ने संकल्पपनि सार्वजनीक गर्नुपर्‍यो । पदाधिकारीमा दक्षता, संक्रमणकालीन् देशको अवस्थामा नेतृत्वगर्ने क्षमता, आफ्नो संस्थाप्रति पारदर्शी जस्तै, "म आएको दिनमा के कस्तो अवस्थामा संस्था छ ?" सो बारे जानकारी लिई तथा दिई जानेबेलामा "कति अगाडी वा बढी दिएर जाने हुँ ?" सो बारे प्रष्ट आदि हुनुपर्ने तथा जायज र कानुनतः कार्यकार्वाहीको लागि केही अवाञ्छित समूहको नाममा कुनै विद्यार्थी संघ/संगठनसंग नझुक्ने तर ऐन र तर्कसंगत ढंगले डील गरेरै छाड्ने आत्मविश्वासी र दृढ व्यक्ति चाहिन्छ । तत्काल यति नै गरिदिए संस्थाहरूको उत्थान हुनेछ ।

**समाधानका विकल्पहरू**

पहिलो, विगतमा नेतृत्व वा शक्तिमा रह्न नपाएका वा रह्न नचाहेका तर अति विद्वान वर्गहरू हाल कोही अवकाशप्राप्त भईसकेका छन् भने कोही समय नपुग्दै खराब आचरणका केही विद्यार्थी, प्राध्यापक तथा कर्मचारीवर्गको असहयोगले अवकाश लिईसक्नु भएका मध्ये नियुक्त गर्न सकिन्छ जसमा त्रिविका अंग्रेजी विभागकै अरूण गुप्तो, सञ्जीव उप्रेती वा अम्मराज जोशीलगायत वा अन्य विभागका तथा जुनसुकै विचारधाराका कतिपय योग्यहरू छन् जससंग भिजन र प्रशासनको ज्ञान छ । तर हालको अवस्थामा प्राध्यापक, कर्मचारी र विद्यार्थी नै केही असामाजिक तत्वबाट पदाधिकारी असुरक्षित भएको पाईएकोमा मन्त्रीसरह सरकारले अंगरक्षकको व्यवस्था गर्नुपर्ने देखिन्छ । दलमा नअल्झौं ! दोस्रो, कुनै बेला भारतको बिहार राज्यमा परिक्षामा टेबुलमाथि डायगर/छुरा घोपेर चीट चोर्नेसम्मको शिकायत आउंदा ईन्डियन पुलीस सर्भिस (आईपीएस्)का अवकाशप्राप्त नागमणिलाई परिक्षा नियन्त्रकको जिम्मा दिए झैं सेना वा प्रहरी वा कर्मचारीवर्गबाट जसले पीएचडी गरेका छन्, निष्कलंक छन्, जससंग भिजन छ, त्यसतालाई केही कार्यकालको लागि भनेर ल्याऔं तर यसको लागि कति विश्वविद्यालयमा ऐनमा संशोधन गर्नुपर्ने हुन्छ ।

त्यस्तै, क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुख वा विभागीय प्रमुख पदहरूमा सक्दो वरिष्ठ र तोकिएको योग्य तर प्राज्ञिकताको सवालमा उ कम छ भने अलि कनिष्ठभएपनि भ्रष्टाचार नगरेको र स्वयंपहिला अन्यथाबाहेक नियमित ड्यूटी गर्ने नैतिकवान, प्रशासनीक अडान लिनसक्ने, मालपानी कमाउन छोडेर शैक्षिक गतिविधिमा नडराईकन लाग्ने, दलीय भागवण्डामा नभई योग्यलाई समेट्नुपर्ने, शैक्षिक गतिविधिमा स्वयं प्राध्यापकको जुन विचारको भएपनि हरेक कर्मचारी र खासगरी विद्यार्थी संघ/संगठनलाई प्राज्ञिकता र नियमतः मात्र ट्रिट् गर्ने आदि खालको हुनुपर्छ । क्याम्पस वा विश्वविद्यालय पदाधिकारीमा उच्च नैतिकताभएको तथा "टीम मिलेको"लाई मात्र पठाउँदा यी निकायहरूको कल्याण हुने देखिन्छ । एउटा प्राज्ञिक छ तर अर्को पदमा रहेर पैसा कमाउने र केवल बायो डाटा भर्ने तथा जससंग संस्था विपरीत जेपनि सम्झौता गर्ने मनि माईन्डेड् र नेताको पिच्छलग्गु भयो भने टिम मिल्दैन र संस्थाको प्रगति हुँदैन ।

*(लेखक पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक हुन्)*


## सर्वसाधारणमा अनुरोध

विवाहमा लेनदेन गर्ने तथा दाइजोको कारण सताउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले त्यस्ता अमानवीय काम नगरौं/नगराऔं । मञ्जुरीबिना भएको विवाह, हाडनातामा भएको विवाह, बालविवाह, बहुविवाह गर्नु/गराउनु अपराध हो । त्यसैले यस्ता क्रियाकलाप नगराऔं/नगरौं ।

भेदभाव, छुवाछूत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै हुने भएकोले कसैसँग यस्ता व्यवहार नगरौं ।

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

प्रदेश नं. २

जनकपुरधाम, धनुषा, नेपाल


## मधेश अपडेट

### पन्जामा मतदान गर्नुस् : मुख्यमन्त्री राउत

रौतहट । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले आन्दोलनको उपलब्धि रक्षाका लागि पन्जा छापमा मतदान गर्न आह्वान गरेका छन् । रौतहटको गढीमाई नपा २ समनपुरमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले बिगतको आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षाका लागि पन्जा छापमा मतदान गर्न आग्रह गरेका छन् । उनले मधेशी , मुश्लिम, दलित, महिलाको हक अधिकारका लागि प्रदेश सरकारले गरेको सबैमा छर्लङ रहेको उल्लेख गर्दै पन्जा छापमा मतदान गरी संघीयतालाई बलियो बनाउन आग्रह समेत गरे । उक्त चुनावी सभालाई कृषिराज्यमन्त्री योगेन्द्र राय यादव, राष्ट्रिय सभा सदस्य रामपृत पासवान, प्रदेश सभा सदस्य फुलबाबु, रामकिशोर यादवसहितका वक्ताहरूले सम्बोधन गरेका थिए ।

### आगलागीमा जलेर वृद्धाको मृत्यु

कैलाली । धनगढी उपमहानगरपालिका-७ मा आगोबाट जलेर मंगलबार एक महिलाको मृत्यु भएको छ । आफ्नै घरको आँगनमा आगो बाली तापिरहेको अवस्थामा ७४ वर्षीया सुवधरा सिंहको आगोबाट जलेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी नायब उपरीक्षक दक्षकुमार बस्नेतले जानकारी दिए । शरीरमा एक्कासि आगो सल्किन गई गम्भीर घाइते भएकी सिंहको सेती प्रादेशिक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरी नायब उपरीक्षक बस्नेतले बताए ।

### बलीप्रथा रोक्नुपर्छ भन्नेहरूको रामधुलाई

वीरगन्ज । बारा जिल्लाको बरियारपुरमा गढीमाई मन्दिरमा प्रत्येक पाँच वर्ष लाग्ने मेलामा हुने गरेको बलीप्रथा रोक्नुपर्छ भन्ने अभियान चलाउनेहरूलाई स्थानीय युवाहरूले कुटपिट गरेका छन् । अभियन्ताहरूले गढीमाई मेलामा हुने बलीप्रथा रोक्नुपर्ने भन्दै प्रचारबाजी गर्दै हिंडिरहेका थिए । बलीप्रथाविरूद्ध भाषणबाजी गरेर ती अभियानीहरू होटलमा मासुभात खाँदै गर्दा युवाहरूले उनीहरूलाई घेराबन्दी गरे । 'बहुत मिठो लाग्दो होला मटनखाना है ?' एक युवाले ती अभियानीहरूलाई सोधे । होटेल परिसरभित्रै युवाहरूले ती अभियानीहरूलाई घेराबन्दीमा पारे । त्यतिकैमा सुरक्षाकर्मीहरू पनि आइपुगेका थिए । एक युवाले ती अभियानीहरूलाई भने, 'मासुभात खाने अनि बलिप्रथा रोक्नुपर्छ भन्दा लाज लाग्दैन ।' त्यसैक्रममा अभियानीहरूमाथि आक्रोशित युवाहरू जाइलागेका थिए । धार्मिक आस्थामाथि प्रहार गर्न खोजेको भन्दै तिनीहरूलाई कुटपिट पनि गरिएको थियो । जब-जब गढीमाई मेला हुँदा तब मात्र यस्ता कुरा ल्याइने गरिएको एक युवाको आरोप थियो । 'काठमाडौंमा दिनहुँ हजारौं भैंसी, खसी बोका, कुखुरा, सुँगुर, बँगुरहरूको बली प्रदान हुन्छ किन कोही एक शब्द बोल्दैनन् ?' एक युवकले प्रश्न तेर्साए ।

### तीन अधिवेशन, तीन अध्यक्ष

रौतहट । रौतहटमा राजपा नेपालका तीनवटा गुटबीचको विवाद उत्कर्षमा पुगेको छर । गुटकै कारण दुई दिनअघि सम्पन्न जिल्ला अधिवेशनबाट तीन अध्यक्ष चुनिएका छन् । तीनै जनाले आफैंलाई वैधानिक अध्यक्ष दाबी गरिरहेका छन् । सदरमुकाम गौरमा तीन छुट्टाछुट्टै अधिवेशन गरिएपछि विवाद झन् सतहमा आएको हो । राजपा केन्द्रीय समितिले खटाएका पर्यवेक्षक सुनिल रोहितको उपस्थितिमा गौरमा सम्पन्न जिल्ला अधिवेशनले लीला साहलाई अध्यक्ष चुनेको छ । उनकै अध्यक्षतामा कमिटी बनाइएको छ । तत्कालीन माओवादीका सक्रिय कार्यकर्ता उनी पार्टीले बेवास्ता गरेको भन्दै राजपामा गएका हुन् । यता, केन्द्रीय महासचिव एवं गौरका मेयर अजय गुप्ताको सक्रियतामा सम्पन्न अधिवेशनले शेख जम्सेदलाई अध्यक्ष चयन गरेको छ । उनी केन्द्रीय नेता राजेन्द्र महतोनिकट मानिन्छन् । त्यसै गरी केन्द्रीय सदस्य एवम् प्रदेशसभा सांसद बाबुलाल साहको सहभागितामा भएको जिल्ला अधिवेशनबाट रामप्रवेश दास अध्यक्ष चुनिएका छन् । दास नेता सरतसिंह भण्डारीनिकट हुन् । सांसद साहले दास नै आधिकारिक अध्यक्ष भएको दाबी गरे ।

### "टुर प्याकेज" सेवा सञ्चालन हुने

विराटनगर । भ्रमण वर्ष २०२० मा घुम्न आउने पर्यटकलाई गन्तव्यसम्म पुग्न सवारी सुविधाका लागि तीनवटा कोरिडोरको 'टुर प्याकेज' सेवा सञ्चालनमा ल्याइने भएको छ । प्रदेश १ का आकर्षक गन्तव्यसम्म पर्यटकलाई पुर्‍याउन ट्राभल्स एसोसिएसन अफ विराटनगरले मेची, कोसी र सगरमाथा कोरिडोरमा 'टुर प्याकेज' सेवा दिने भएका हुन् । प्रदेश १ मा विराटनगर, इटहरी, दमक, धरान, बिर्तामोड र काँकडभिट्टाबाट अहिले पनि सवारी टुर प्याकेज सञ्चालनमा छन् । त्यसबाहेक उदयपुर र हिलेबाट समेत टुर प्याकेज सञ्चालनमा ल्याउने तयारी भइरहेको छ ।

### हजका अध्यक्षलगायतलाई सम्मान

इमरान खान, बाँके । नेपालगञ्जमा नेपाल हज समितिका अध्यक्ष समशेर मिया, वरिष्ठ सदस्य नजबुल्लाह अंसारी, वरिष्ठ सदस्य मेराज अहमद हल्वाई हिमालय लगायत सदस्यहरूलाई विभिन्न संघ संस्थाहरूले भव्य स्वागत तथा सम्मान गरेका छन् । नेपाल हज समितिका अध्यक्ष शमशेर मियाँले समितिले हजयात्रीको सेवा सुविधामा खटी गई विशेष ध्यान दिइएको बताएका छन् । मंगलबार नेपालगन्जमा आयोजित नेपालगञ्ज हज व्यवस्थापन समिति नेपालगञ्जको छलफल तथा अन्तरक्रिया कार्यक्रममा यस क्षेत्रका मुस्लिम समुदायले हज समस्याबारे गुनासो गरेपछि नेपाल हज समितिका केन्द्रीय अध्यक्ष मियाँले समस्या समाधानमा समिति क्रियाशील भएर लागेको बताएका छन् । साउदीको मक्का मदिनामा हज गर्न जाँदा, त्यहाँ, बस्दा र फर्किदा समेत हजयात्रुहरूले दुःख नपाउँनका लागी सरकारसँग कुटनीतिक छलफल, परामर्श गर्ने गरिएको बताएका छन् ।

### बाध्यकारी कानून बनाइने

जनकपुरधाम । मुख्यमन्त्री लालबाबु राउतले प्रारम्भिक बालविकासको प्रभावकारी कार्यान्वयनको प्रदेशमा बाध्यकारी कानून बनाइने पक्षमा आफु रहेको बताएका छन् । प्रारम्भीक बालविकासको लागि प्रदेश सभा सदस्यहरूको समन्वय समूहले बुधबार जनकपुरमा आयोजना गरेको प्रादेशिक संरचनामा प्रारम्भिक बालविकासको लागी संवैधानिक अधिकार तथा दायित्व विषयक परामर्श कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री राउतले सो कुरा बताएका हुन् । उनले मुलुकको भविष्यका कर्णाधार हुने बालबालिकाको विकासको क्रम आमाको गर्भ बाटै शुरू हुने भएकाले उनीहरूको स्वस्थ्य र सक्षम हुने अधिकारलाई बाध्यकारी कानून मार्फत स्थापित गर्नुपर्ने उल्लेख गरे ।





**बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं, चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं ।**

**मटिहानी नगरपालिका**

महोत्तरी

# हिटलरको बाटो रोज्ने कि 'फ्रेडरिक क्लार्क' बन्ने ?

यस 'रंगभेद विरूद्ध एकता सभा तथा सांस्कृतिक विविधता झाँकी प्रदर्शन कार्यक्रम' का सभापति महोदय, मञ्चमा आसीन मेरा साथीहरू तथा यहाँ उपस्थित समस्त जनसमुदाय,

काठमाडौंको मुटुमा आज २०७६ साल मंसीर ७ गते हामी यसरी जम्मा भएका छौं। यो ऐतिहासिक पल हो। यो अभूतपूर्व परिघटना हो । यो इतिहासको रचना हो । र आज हामी यहाँ जम्मा भएका छौं, हातमा हात मिलाएर आएका छौं, कुममा कुम जोडेर आएका छौं, पाइलामा पाइला मिलाएर आएका छौं( नजीकबाट आएका छौं, टाढाबाट आएका छौं, मेचीबाट आएका छौं, महाकालीबाट आएका छौं, शहरबाट आएका छौं, गाउँबाट आएका छौं, बस चढेर आएका छौं, उकाली ओराली हिँडेर आएका छौं, तर हामी आएका छौं, एक उद्देश्यका साथ, एक सपना का साथ, एक अठोठका साथ, एक प्रणका साथ, एक प्रतिज्ञाका साथ–कि रंगभेद अब सहँदैनौं, रंगभेदको अब अन्त्य हुनै पर्छ, रंगभेदको ठाउँ सद्भावले लिनै पर्छ ।

हामी जम्मा भएका छौं – त्यो ऐतिहासिक विभेदलाई अन्त्य गर्न । हामी जम्मा भएका छौं – त्यो कुरूप मानसिकतालाई आगोमा झोस्न । हामी जम्मा भएका छौं – त्यो मानवताको कलंकलाई सदाका लागि मेटाउन। हामी जम्मा भएका छौं – त्यो इतिहास रच्न ।

किनकि हाम्रा पूर्वजले, हाम्रा वीर शहीदहरूले, हाम्रा अग्रजहरूले रंगभेद होस् भनेर त्याग गरेका थिएनन्, एक माथि अर्कोले हेय भावले हेरोस् भनेर बलिदानी दिएका थिएनन्, एकमाथी अर्कोले विभेद गरोस् भनेर रगत बगाएका थिएनन् । हाम्रा पूर्वजले, हाम्रा शहीदहरूले, हाम्रा अग्रजहरूले समानताका लागि आहुति दिएका थिए, समताका लागि बलिदानी दिएका थिए, सम्मानका लागि ज्यानको बाजी थापेका थिए ।

आजको यस ऐतिहासिक घड़ीमा यस माटोका सम्पूर्ण पूर्वजहरूलाई, सम्पूर्ण वीर शहीदहरूलाई, सम्पूर्ण राजनैतिक योद्धाहरूलाई, सम्पूर्ण क्रान्तिवीरहरूलाई कोटि कोटि नमन गर्न चाहन्छु । र यो वाचा हाम्रो उहाँहरूसँग पनि छस् कि तपाईंले देखेको समानताको सपना, तपाईंले देखेको रंगभेदरहित समाज, तपाईंले देखेको सद्भावयुक्त समाज हामीले पूरा गर्छौं, त्यो पूरा गर्ने जिम्मेबारी हामीले लिन्छौं, त्यो साकार गर्ने अभिभारा हामीले बोक्छौं ।

काठमाडौंको केन्द्रमा आज हामी जम्मा भइराख्दा केही मान्छेहरूले बुझपचाएर सोध्दै छैन् हैन, नेपालमा रंगभेद कहाँ छ ? पूर्वाग्रहको पट्टी बाँधेर उहाँहरूले सोध्न सक्नुहुन्छन् दिनमा सूर्यको प्रकाश कहाँ छ ? उहाँहरूले सोध्न सक्नुहुन्छ, यहाँ हावा कहाँ छ ? हामीले उहाँहरूलाई भन्छौं, तपाईं आफ्नो पूर्वाग्रहको चश्मा त फुकालेर हेर्नोस्, अज्ञानताको हिरण्मयेन पात्रेणलाई उघारेर त हेर्नुस्, आफ्नो ज्ञानचक्षुलाई खोलेर त हेर्नुस् । यो रंगभेद टुँडिखेलमा घाम तापी राखेको छैन, यो रंगभेद दरबारमार्गको डिस्कोबारमा नाची राखेको छैन, यो रंगभेद रत्नपार्कमा कतै डुलिराखेको छैन। यो रंगभेद कतै बाहिर छैन, रंगभेद तपाईंको मस्तिष्कमा छ, तपाईंको मनमा छ, तपाईंको दृष्टिमा छ, तपाईंको सोचमा छ, तपाईंको पूर्वाग्रहमा छ। रंगभेद अस्वीकार गर्नु नै सबभन्दा ठूलो रंगभेद हो। रंगभेद अस्वीकार गर्नु मानवतामाथिको अपराध हो। रंगभेद अस्वीकार गर्नु विभेदको प्रथम बीजारोपण हो । हुँटिट्याउँले आफ्नो टाउको बालुवामा लुकाउँदैमा संसार समाप्त हुँदैन ।

तपाई सोध्नुहुन्छ रंगभेद कहाँ छ ? हामी सोध्छौं, कुन पाइलामा रंगभेद छैन ? जहाँको लोकोक्ति नै छ 'मनु मखु मर्स्या खः' त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ कुरै पिच्छे, रंगभेदी गाली दिइन्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ हरेक टिकट काउन्टरमा, हरेक कार्यालयमा, हरेक पसलमा मधेशीलाई 'तपाईंसँग नागरिकता छ ?' भनेर सोधिन्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ रंगभेदी नारा दशरथ रंगशाला गुन्जिन्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ बाँके बैजापुरबाट काठमाडौं घुम्न आएका राजेश चौधरीलाई रत्नपार्कमा पिटेर मारिन्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ प्रोफेसरले मलाई कक्षामा उठाएर धोतीहरूले त यहाँ पनि टप गर्ने भए, हाम्रा सबै अवसर खोसेर लाने भए भन्नुहुन्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ काठमांडूको गल्लीमा कोही मधेशी धोती लगाएको मान्छे आउँदा खेरि धोतीनै फुस्काइन्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ ५० वर्षको वयस्कले १५ वर्षको मधेशी ठिटोलाई ओ भैया भन्दै हेपेर बोलाउँछ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ कुनै काउन्टरमा मधेशी गएपछि "क्या चाहिए भैया" भन्दै संबोधन गरिन्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ लोकस्टार जस्ता कार्यक्रममा मधेशी कलाकारलाई दुर्व्यवहार गरिन्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ हाम्रा फिल्म डाइरेक्टरलाई कफीसपमा मधेशी भनेर कफी खान दिइदैन, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ कुरिंगटारको काउन्टरमा "नागरिकता छ?" भनेर प्रमाण मधेशी सँग बारम्बार माँगिन्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ साइकलमा तरकारी बेचेर गुजारा गर्नेको तरकारी फालिन्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ सैलूनमा आएर वित्थामा दसवटा गाली गरेर भद्रहरू जान्छन्, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ?



डा.सीके राउत
अध्यक्ष, जनमत पार्टी

जहाँ लोकतन्त्र बहाली पछि गजेन्द्र नारायण सिंहले काठमाडौंमा आमसभा गर्न खोज्दा मधेशी जनतामाथि ईंटा, ढुंगा र शीशीको वर्षा गरेर आक्रमण गरिन्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ ऋतिक रोशनले केही बोल्यो भन्दैमा काठमाडौंमा पार्टी कार्यालय जलाइन्छ, मधेशीको पसलहरूमा आगो लगाइन्छ, घर-घरबाट मधेशीहरूलाई निकालेर पिटिन्छ, नागरिकता खोसेर आगोमा झोसिन्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ इराकमा कुनै समूहले केही घटना गर्यो भन्दैमा काठमाडौंको मस्जिदमा आगो लगाइन्छ र घरघरबाट मधेशीलाई निकालेर पिटिन्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ?

जहाँ काठमाडौं वा पहाडमा व्यापक तोडफोड गर्ने आन्दोलनकारीहरूमाथि पानीको फोहरा बरसाइन्छ, र मधेशीहरू सडकमा आयो भन्दैमा गोली बरसाइन्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ न्यूजबिटहरूमा मधेशका सबै लेख र समाचारहरू काटिन्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ विदेशीहरू अमेरिकी, अफ्रिकी, यूरोपियन न भएर 'खैरे' वा 'हप्सी' हुन्छन्, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँ भारतीय शब्दलाई धोती शब्दले पर्यायवाची शब्दको रूपमा विस्थापित गरिसकेको छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? जहाँका शासकवर्ग आफूलाई हिटलरकै जात शुद्ध आर्य भएको भन्दै गौरव गर्दै हिँड्छन्, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ? तत्कालीन् राष्ट्रपति रामवरण यादवलाई सडकमा रंगभेदी कुरूप गालीहरूको झरी खेप्नु पर्छ, र तपाईं सोध्नुहुन्छ रंगभेद कहाँ छ ?

जहाँ हामीले आज भन्दा ठीक ५ वर्ष अगाडी मंसीर १० गते सुन्धारामा जम्मा हुँदा छालाको रंग हेरेर ४०० जना मधेशीलाई राज्यले पक्राऊ गर्छ, त्यहाँ सोध्नुहुन्छ रंगभेद कहाँ छ ?

धर्मको ८४ लाख योनि भनौं वा विज्ञानको ८७ लाख प्रजातिमा रंगभेदको कलंग मानवमा मात्रै रहेको छ। रंगभेद कतै खेतमा उब्जेको हैन। रंगभेद कतै रूखमा फलेको हैन। रंगभेद कतै आकाशबाट झरेको पनि होइन। रंगभेद मानवनिर्मित हो। रंगभेदको खेत तपाईं हाम्रो संकीर्ण सोच हो, त्यसमा मलजल गर्ने खोक्रो राष्ट्रवादले हो, त्यसलाई जगेर्ना गर्ने राज्यले हो। मुलुकी ऐनले नेपालमा रंगभेद संस्थागत गरेकै थियो, र अहिले पनि घोषित अघोषित रूपमा राज्यले रंगभेदलाई प्रश्रय दिएकै छ। त्यसैले त भनिन्छ, रंगभेद कुनै खराब मानिसले हैन, खराब नीतिले कायम राखेको हुन्छ। राज्यले ने रंगभेदलाई संरक्षण गर्ने नीति लिने हो भने रंगभेद कसरी समाप्त हुन सक्छ ?

खोक्रो राष्ट्रवादीहरूले मधेशीमाथि प्रश्नचिन्ह उठाउनु भन्दा अगाडी, रंगभेदको शिकार बनाउनु भन्दा अगाडी म तिनीहरूलाई भन्न चाहन्छु। सन् १९४७ मा 'गोर्खा भर्ती केन्द्र' सम्झौता गरेर नेपाली युवालाई बेच्ने कुनै मधेशी थिएनन् । २००७ सालमा नेपाललाई पराधीन बनाउने सम्झौता गर्ने कुनै मधेशी थिएनन्। २००८ सालमा केबिनेटको बैठकमा विदेशी राजदूतलाई अनिवार्य रूपमा उपस्थित गराउने कुनै मधेशी थिएनन् । ललितपुरको जाउलाखेलमा विदेशी सेनाको ब्यारेक राख्न सम्झौता गर्ने कुनै मधेशी थिएनन् । २०१० सालमा विदेशी सेना बोलाएर दार्चुलाका आफ्नै नागरिक किसानहरूलाई हत्या गर्न लाउने कुनै मधेशी थिएनन्। नेपाली भूमिमा विदेशी सेनाको चौकी स्थापना गर्न दिने कुनै मधेशी थिएनन्। २०११ सालमा कोशी सम्झौता गर्ने र कोशी बेच्ने कुनै मधेशी थिएनन्। २०१६ सालमा राष्ट्रघाती गण्डक सम्झौता गर्ने कुनै मधेशी थिएनन्। कालापानीमा विदेशी सैनिक तैनाथ राख्ने सम्झौता गर्ने मधेशी थिएनन्। लिपुलेक लिम्पियाधुरा बेच्ने मधेशी थिएनन्। टनकपुर बेच्ने मधेशी थिएनन्। महाकाली संधि गर्ने मधेशी थिएनन्। १०,८०० मेगावाटको कर्णाली-चिसापानी परियोजना टाटपल्टेको एनरोनलाई सुम्पने कुनै मधेशी थिएनन्। माथिल्लो कर्णाली जिएमआरलाई बेच्ने कुनै मधेशी थिएनन् । अरूण तेस्रो सतलजलाई बुझाउने कुनै मधेशी थिएनन्। बिप्पा सम्झौता गर्ने कुनै मधेशी थिएनन्। २०७३ सालमा २५ बूँदे सम्झौता गरेर नेपालको परराष्ट्र नीति विदेशीको हाथमा बेच्ने कुनै मधेशी थिएनन्।

यहाँसम्म कि मधेशकै जंगल कटाएर बेच्ने मधेशी थिएनन्। र अहिले मधेशको नदीनालाबाट बालुवा र गिट्टी बेच्ने, चुरिया कटाएर बेच्ने कुनै मधेशी होइनन् । हिजो मात्रै समाचारमा पढें, मंत्रीपरिषद्ले तीनजनाको नागरिकता खारेज गरेको भनेर। ती नेपाली नागरिकताहरू बेच्ने कुनै मधेशी थिएनन् ।

उल्टा मधेशी माथि प्रश्न चिन्ह उठाउने ? मधेशीको राष्ट्रियतामाथि औंला ठड्याउने ? मधेशीको बफादारितामाथि आंशका गर्ने ?

मधेशी त बिना बर्दीका सेना बनेर सीमानामा खड़ा छन्। बिना उर्दीका रक्षक बनेर तैनात छन्। सेनामा प्रतिबन्धित भए पनि सैनिक बनेर तैनात छन्। देवनारायण यादवजस्ता लाखौं मधेशीहरू आफू अपहेलित भए पनि सीमा रक्षाका लागि आफ्नो रगत बगाउन तैयार रहन्छन्। तिलाठीमा गएर हेर्नुस्, सुस्तामा गएर हेर्नुस्, साक्षी बनेर ठिंग उभिएका दशगज़ाका सैकडौं हजारौं स्तम्भहरूलाई सोध्नोस्। देश बेच्ने त तिनै खोक्रा राष्ट्रवादीहरू हुन्, हामी त सिंगो राष्ट्र निर्माण गरेका छौं ।

हामी मधेशी राष्ट्र निर्माता हौं। नागदहलाई बस्न योग्य मधेशीले बनाएको हो। यहाँको बस्ती मधेशीले बसाएको हो। ज्ञानको ज्योति मधेशीले फैलाएको हो। गुम्बामा कुदिएको दुई आंखाहरू मधेशीकै हुन्। भुक्तमानदेखि गोपालवंशी, महिषपाल वंशी, लिच्छवी, मल्ल सबै मधेशीहरूले यहाँको सभ्यता निर्माण गरेको हो। कान्तिपुरको कान्ति र ललितपुरको लालित्य मधेशीले गर्दा नै हो। यँइ यल ख्वपको सभ्यता मधेशीले गर्दा नै हो। यहाँको काष्टमण्डपहरू, यहाँका दरवारहरू, यहाँका पौवापाटीहरू, यहाँका पाटीको थाम, मेठ, टुँडाल र निदालहरू मधेशीले बनाउन लगाएका हुन्। यहाँको तलेजु भवानी मधेशीहरूकै कुलदेवी हो, सिमरौनगढ़बाटै ल्याएरै स्थापित गरिएको हो। रञ्जनालिपी तिरहुतालिपीकै छायाँ हो। १२००० तिरहुतिया सेनाले रक्षा गरेको यहीं हो। किर्तीपुरको युद्धमा पृथ्वी नारायण साहलाई जीवनदिने मधेशी नै हुन्। उनको ज्यान बचाएर डोलामा नुवाकोट सम्म छोडिदिने मधेशी नै हुन्। काठमाडौंमाथि पटक पटक विजय गर्ने डोयहरू मधेशी नै हुन्।

मधेशीले चलाएको काल नेपाल इतिहासको स्वर्णकाल हो। मधेशीले चलाउँदा सम्म नेपाल मण्डल विश्वमा सम्पन्न राष्ट्र थियो, विदेशलाई ऋण दिन सक्ने राष्ट्र थियो। विश्वलाई जनकको तत्वज्ञान दिने मधेशी हुन्। विश्वलाई वैदेही दिने मधेशी हुन्। विश्वलाई गर्गी दिने मधेशी हुन्। विश्वलाई ज्ञानको ज्योति बुद्ध दिने मधेशी नै हुन्। आज सम्म पनि पहाड़का पाखा, पखेरा, कुना, कन्दरा तथा गाउँवस्ती गएर पढाउने र ज्ञान र सीपको ज्योति फैलाउने मधेशी नै हुन्। दुर्गम ठाउँहरूमा पुगेर उपचार गर्ने मधेशी नै हुन्। शिक्षा र चेतना फैलाउने मधेशी नै हुन् ।

त्यतिमात्रै हैन, आधुनिककाल खण्डका हरेक राजनैतिक परिवर्तनमा मधेशीको योगदान छ, मधेशबिना त्यो परिवर्तनको परिकल्पना पनि गर्न सकिँदैन। २००७ सालको आन्दोलन कुनै पहाडमा भएको थिएन, मधेशमा भएको थियो। मधेशीहरूले बलिदानी थिएका थिए, मधेशीहरूले त्याग दिएका थिए, मधेशीहरू बलि चढेका थिए । सप्तरीकै हनुमाननगर जेल कांडबाट शुरूवात् भएको थियो। काँग्रेसका नेताहरूलाई बासमती चामल र रहुमाछा खुवाएर पाल्ने त्यै मधेश हो । कम्युनिष्टका नेताहरूलाई प्रशिक्षण दिने त्यै मधेश हो। माओवादी आन्दोलनमा सेनाको बन्दुकको गोलीको चारो बन्दिने त्यै मधेशी हुन्। गणतन्त्रको ज्ञान ल्याउने त्यै मधेशी हुन्। तर आज काँग्रेस आऊन्, कम्युनिष्ट आउन्, राजतन्त्र रहून् वा गणतन्त्र रहून, मधेशीमाथि विभेद र रंगभेद जारी छ। शोषण जारी छ। दमन जारी छ ।

हामीले राजतन्त्रमा भोग्यौं, राणातन्त्रमा भोग्यौं, लोकतन्त्रमा भोग्यौं, गणतन्त्रमा भोग्दैछौं। आखिर हामीले भोग्नु पर्ने कहिलेसम्म? मधेशी हेपिनु पर्ने कहिलेसम्म ? रंगभेद सहनुपर्ने कहिलेसम्म ? विभेद सहनु पर्ने कहिलेसम्म ? मौलिक अधिकारका लागि लडनु पर्ने कहिलेसम्म? मारिनु पर्ने कहिलेसम्म ? विस्थापित हुनु पर्ने कहिलेसम्म ? हामी आँप बनेर झरिरहनुपर्ने कहिलेसम्म ?

हामी आँप हैनौं, हामी जीवित मान्छे हौं। आत्मसम्मान खोज्नु हाम्रो प्राकृतिक प्रक्रिया हो। किनकि आत्मसम्मान बिनाको जीवन हजारौं मृत्यु समान हुन्छ। सम्भावितस्य चाकीर्तिर्मरणादतिरिच्यते (गीता २२३४)

त्यसैले अब हाम्रो चयन गर्ने बेला आएको छ, चयन गर्ने बाध्यता आएको छ, चयन गर्ने विकल्प आएको छ । हामी हातमा हात जोडेरै खोला तर्न सक्छौं, या अलग भएर खोलामा दुबैजना बग्न सक्छौं । चयन गर्ने काम हाम्रो हो । हिटलरको बाटो रोज्ने कि फ्रेडरिक क्लार्क बन्ने, चयन हाम्रै हो।

सह नाववतु सह नौ भुनक्तु को वैदिक संस्कृति र परम्परा बोकेका हामी सद्भाव कायम राख्न सकौं, सहकार्य गरेर अगाडी बढन सकौं, सम्मान दिएर सम्मानपूर्वक बाँच्न सकौं। पशुपतिको आर्यघाटमा गएर जहिले म टोलाउँछु, कालो खरानी सिवा के नै देख्छु ? अन्ततः हाम्रो अन्तिम भौतिक पहिचान नै पञ्चतत्व हो । अनि हाम्रो दृष्टि पातलो छालामै अड्केको किन ? किताबको गाता मैं अड्केको किन ? शब्द मैं अल्झेको किन ?

अँध्यारोले अँध्यारो काटन सक्दैन, कुरूप मानसिकताले कुरूप मानसिकता जित्न सकिदैन। हामी प्रेमले जितौं। सद्भावले जितौं। सकारात्मकताले जितौं। सहकार्यले जितौं । सम्भावना आकाश सरी छ। मानवता सागर सरी छ। सागरको एक दुई थोपा फोहोर भयो भन्दैमा सागर फोहर हुँदैन।

त्यही भएर हामीले जहिले पनि सद्भावको बाटो रोज्दै आएका छौं। हामीमाथि कैयन् लाञ्छना लगाइए, कैयन दमन गरिए, आफ्नो अधिकार माग्दा लाठी बरसाइए, आफ्नो आत्मसम्मान खोज्दा मेरो खुट्टा प्रहरीले भाँचिदिए, तैपनि हामी हाम्रो सद्भावको आस्थामाथि अडिग रह्ययौं, बुद्धको मार्गमाथि अडिग रह्यौं, गांधीको सिद्धान्तमाथि अडिग रहयौं । प्रहरीले गरेको दमनको प्रत्युत्तरमा हामीले फूल दिने सयपत्री आन्दोलन नै चलायौं। २०७२ साल वैशाख १२ गते पहाड़मा महाभूकम्प जाँदा खेरि हामीले भोको बसेर एक दिन उपवास गरी अन्नदान गर्ने आन्दोलन नै मधेशभरि चलायौं । हामीले हरेक पाइलामा सद्भावलाई रोज्यौं ।

तैपनि कैयन् साथीहरूले हामीलाई सोध्छन्, आखिर तपाईंहरूले खोजेको के ? यो रंगभेद दिवस हरेक वर्ष मनाएर गर्न खोजेको के ? हरेक वर्ष सैकडौं गिरफ्तारी दिएर भन्न खोजेको के ?

हामीले खोजेको यत्ति हो कि मधेशीलाई मानवको श्रेणीमा राखियोस्। मधेशीलाई मानव सरह व्यवहार गरियोस्, हामीले खोजेको यत्ति हो । उनीहरूलाई मानवको गिन्तीमा राखिओस्, हामीले खोजेको यत्ति हो । हाम्रा सन्तानहरू निर्भिक भएर आफ्नो शीर ठाडो पारेर यो भूमिमा हिँड्न सकून्, हामीले खोजेको यत्ति हो । हाम्रा सन्तानहरू निर्धक्क काठमाडौंका कलेज र स्कूलहरू जान सकून्, हामीले खोजेको यत्ति हो । कालो भएकै कारणले कक्षाकोठामा उनीहरू रंगभेदको शिकार नहोऊन्, हामीले खोजेको यत्ति हो। कालो भएकै कारण उनीहरू जागिरबाट वंचित न होऊन्, हामीले खोजेको यत्ति हो। कालो छाला देखेर कसैलाई रत्नपार्कमा मर्ने गरी न पिटिओस्, हामीले खोजेको यत्ति हो । काठमाडौंको गल्लीमा कसैलाई धोती न भनियोस्, कसैलाई मर्स्या न भनियोस्, कसैलाई काले नभनियोस्, हामीले खोजेको यत्ति हो । काठमाडौंको आँखीझ्यालबाट चियाएर मधेशीलाई देखाएर भूतप्रेत भनेर परिचय न गराइयोस्, हामीले खोजेको यत्ति हो ।

कसैको आत्मसम्मान पुलिस र सेनाको बूटले न कुल्चिउन्, हामीले खोजेको यत्ति हो । कसैको आवाज बन्दुकको नालले बन्द नगरिओस्, हामीले खोजेको यत्ति हो । कसैको स्वतन्त्रतता हाथमा हथकडी लगाएर अपहरित नहोस्, हामीले खोजेको यति हो । कसैलाई आफ्नै भूमिमा कमैया कमलरी र दास नबनाइयोस्, हामीले खोजेको यत्ति हो। कसैलाई आफ्नै भूमिबाट, आफ्नै घरबाट निकालेर विस्थापित नगरियोस्, हामीले खोजेको यत्ति हो ।

हामीले कुनै याचना गरेका छैनौं, हामीले कुनै भीक्षा माँगेका छैनौं, हामीले कसैसँग दयाको अपेक्षा गरेका छैनौं । रंगभेद जघन्य अपराध हो, हामीले अपराध निर्मूल गरौं भनेका हौं, अपराध रोकौं भनेका हौं। रंगभेद हटाएर तपाईंले हामीमाथि कुनै उपकार गर्ने हैन, तपाईंले आफूमाथि गर्ने ठूलो उपकार हो, आफ्नो क्यान्सर ग्राष्ट रंगभेदरूपी मानसिक ग्रन्थीलाई काटेर तपाईंले आफ्नो जीवन रक्षा गर्ने हो, आफ्नो व्यक्तित्व रक्षा गर्ने हो, राष्ट्र रक्षा गर्ने हो ।

त्यही भएर आज हामी यहाँ उभिएर प्रण गरौं, यो माटो छोएर प्रण गरौं, मुटुमा हात राखेर प्रण गरौं, पूर्खाको बलिदानीलाई साक्षी राखेर प्रण गरौं कि आज देखि कुनै पनि मनुष्यलाई हामी रंगभेदको शिकार बनाउने छैनौं, कसैलाई त्यस कुरूप मानसिकताको चश्माले हेर्ने छैनौं, कसैलाई होच्याउने र विभेद गर्ने छैनौं। हामी यहाँ उभिएर प्रण गरौं कि हामी रंगभेद सहँदैनौं, र रंगभेद गर्न पनि दिँदैनौं । हामी यहाँ उभिएर प्रण गरौं हामी विभेदरहित समाज निर्माण गर्नेछौं, रंगभेदरहित समाज निर्माण गर्नेछौं, सद्भावयुक्त समाज निर्माण गर्नेछौं। यसको अलावा

न त्वहं कामये राज्यं न स्वर्गं न पुनर्भवम् ।
कामये दुःखतप्तानां प्राणी नामार्ति नाशनम् ॥

यसको अलावा मलाई कुनै राजगद्दीको कामना छैन, मलाई कुनै स्वर्गको कामना छैन, मलाई आफ्नो आत्मसम्मान प्यारो छ, मलाई समता प्यारो छ, मलाई स्वतन्त्रता प्यारो छ। यहाँ कोही पनि पीडित छन्, कसैमाथि विभेद छ, शोषण छ, दमन छ भन्ने त्यसलाई नाश गर्नु नै हाम्रो कर्तव्य हो । हामी पाइलामा पाइला मिलाएर अगाडी बढौं, हातमा हात मिलाएर अगाडी बढौं, आवाजमा आवाज मिलाएर अगाडी बढौं, र विभेदरहित समाज निर्माण गरौं।

जय जनमत, जय स्वराज !

(डा. सी. के. राउत द्वारा काठमाडौंको भृकुटीमण्डप मैदानमा २०७६ साल मंसीर ७ गते दिइएको भाषणको अंश)

## मोबाइल सिम प्रयोग सम्बन्धमा नेपाल दूरसञ्चार प्राधिकरणको अत्यन्त जरूरी सूचना

नेपाल सरकारले विद्युतीय प्रविधिमार्फत् जनतालाई सरकारी सेवा प्रवाह गर्ने उद्देश्यले नागरिक एप्स (Citizen Apps) तयार गरी लागू गर्न गइरहेको छ । उपभोक्ताहरूले प्रयोग गर्ने मोबाइल नम्बरलाई नागरिकको पहिचानको माध्यम बनाउँदा सहज र सरलसमेत हुने भएकाले उपभोक्ताको मोबाइल नम्बर नै सरकारी नागरिक एप्स ( Citizen Apps) सँग लिंक गराउने उद्देश्य रहेको छ । यसका लागि सम्पूर्ण उपभोक्ताहरूले आफ्नो नाममा दर्ता भएको सिम मात्र प्रयोग गर्ने र यदि अन्य कसैको नामको सिम प्रयोग गर्नुभएको भए आफ्नो नाममा रजिष्ट्रेसन गरेर मात्र प्रयोग गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरण

श्रीकुञ्ज, कमलादी, काठमाडौं
फ्याक्स : ०१-४२५५२५०
इमेल : ntra@nta.gov.np, info@nta.gov.np

## संक्षिप्त समाचार

### शतबीज छरियो

कपिलवस्तु । कपिलवस्तुको सदरमुकाम तौलिहवामा बालाचतुर्दशीअन्तर्गत पितृका नाममा सोमबार शतबीज छरिएको छ । साँझ दीपदान गरी रातभर भजनकीर्तन गरेर जाग्राम बसेकाहरूले बिहानदेखि शतबीज छरेका छन् । प्रत्येक वर्ष मंसिर त्रयोदशीका दिन दीपदान गर्ने र चतुर्दशीका दिन शतबीज छर्ने परम्परा रहदै अएको छ । भगवान शिव जी मृगरूप लिएर घुमेको मनिने क्षेत्रमा एक दान बीज छर्दा एक गेडा सुन दान गरे बराबरको पुण्य मिल्ने र दिवगंत आत्माले मुक्ति पाउने धार्मिक विश्वास पनि रहेको छ ।

### भैरहवा मेलामा करोडौंको कारोबार

रूपन्देही । भैरहवामा लुम्बिनी पर्यटन प्रबर्द्धन औद्योगिक व्यापार तथा कृषि महोत्सव-२०७६ मा हजारौं दर्शकले महोत्सव अवलोकन गरेका छन् । मंसिर ३ गतेदेखि सुरू भएको महोत्सवमा करोडौंको कारोबार भएको हो । उद्योग व्यापार संगठन रूपन्देही तथा नेपाल चेम्बर अफ कमर्स काठमाडौंको मुख्य आयोजनामा भैरहवाको अञ्चलपुरमा संचालन भइरहेको महोत्सवमा पर्यटन र कृषिलाई विशेष प्राथमिकता दिइएको छ । दर्शकहरूले महोत्सव स्थलमा निर्माण गरिएको मायाँदेवी मन्दिर र सो भित्र राखिएका विभिन्न पर्यटकीय स्थलहरू अत्यन्तै रूचाएका थिए । साथै पशुपतिनाथ मन्दिर आकृतिको सचिवालय, सेल्फि जोन, मायाँदेवी मन्दिर आकृतिको प्रवेशद्वार लगायतमा सेल्फि लिनेको निकै भिड देखिएको थियो ।

### नेकपाको वडा भेला सम्पन्न

बीरगंज । नेकपा बीरगंज महानगर कमिटिको आयोजनामा वडा नं. ३१ भेडियाहीमा किसमति देवी थरूइनको अध्यक्षतामा वडा भेला सम्पन्न भएको छ । उक्त भेलाले २३ सदस्यीय वडा सम्पर्क समिति चयन गरि संगठन विस्तारका लागि जनताको राय, सल्लाह तथा सुझाव संकलन तथा संगठन बलियो बनाउनका लागि जिम्मेवारी दिएको हो । सो भेलामा वडा नं. ३१ अन्तर्गतका गाउ, टोलका कार्यकर्ताहरूलाई समेटीएको थियो भने नयाज अहमद अन्सारी, रोज महम्मद अन्सारी, लक्ष्मण पटेल, केशव दास थारू, मैना देवी, मैनुदिन अन्सारी, मिना देवी पटेल, इममबानी खातुन, लक्ष्मीनिया देवी पटेल, रामकुमार भुजेल, अजय पासवान, सर्विन दहैत, कमरूल अन्सारी, हरेराम साह, लगायत रहेका छन ।

### बलात्कारका मुख्य आरोपी पक्राउ

मणि प्रसाद गैह्रे, कपिलवस्तु । चार बर्ष पहिला एक युवतीमाथि सामुहिक बलात्कार गरि फरार रहेका अभियुक्त पक्राउ परेका छन् । जिल्लाको साविक पकडी गाविस ( हाल मायादेवी गाउँपालिका) वडा नं १ मा एक युवतीमाथि ५ जना युवाले सामुहिक बलात्कार गरेका थिए । जसमध्येका मुख्य आरोपित कलामुद्धिन मुसलमानलाई कपिलवस्तु प्रहरीले शनिबार दिउँसो पक्राउ गरेको छ । विशेष सुराकीको आधारमा इलाका प्रहरी कार्यालय पकडीले शनिबार दिउँसो मुसलमानलाई पक्राउ गरेको हो ।

### मोटरसाइकल दुर्घटनामा दुईको मृत्यु

धनुषा । धनुषाको छुट्टाछुट्टै स्थानमा भएको मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । गणेशमान चारनाथ नगरपालिका-६ गोदारस्थित बिआर ३२ यू १७०३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई शुक्रबार राति दुर्घटना हुँदा अन्दाजी ३५ वर्षीय पुरूषको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको छ । यसैगरी विदेह नगरपालिका-८ बफै पुलस्थित भित्री सडकमा स.८ प ७५७३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई शुक्रबार राति भत्किएको बफैपुलबाट करिब १० फिट तल पानीमा खस्दा मोटरसाइकल अन्दाजी २० वर्षीय पुरूषको घटनास्थलमै मृत्यु भएको छ ।

### आगलागीबाट लाखौंको क्षति

कैलाली । धनगढी उपमहानगरपालिका-१२ जुगेडा बस्ने ६० वर्षीय बम बहादुर सिंहको घरमा शनिबार बिहान आगलागी हुँदा करिब ४ लाख रूपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ । साथै उक्त आगो निभाउने क्रममा घाइते भएकी बम बहादुरको श्रीमती ५५ वर्षीया कुन्ती देवी सिंहको प्रादेशिक अस्पताल सेती धनगढीमा उपचार भइरहेको छ ।

### ट्याक्टरको ठक्करबाट बालिकाको मृत्यु

बाँके । डुडुवा गाउँपालिका-२ जब्बर पुरूवास्थित सडकमा ट्याक्टरको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ । भे.१ त २८९६ नम्बरको ट्याक्टरको ठक्करबाट सोही ठाउँ बस्ने सनम खाँककी ५ वर्षीया छोरी सालिया बेगम खाँको मंगलबार बिहान मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको नर्सिङहोम नेपालगञ्जमा उपचार क्रममा मृत्यु भएको हो । ट्याक्टर चालकलाई नियन्त्रणमा लिई यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### गोठमा आगलागी, धनमाल नष्ट

कैलाली । धनगढी उपमहानगरपालिका-१० बस्ने ४० वर्षीय धर्मु रानाको गोठमा विद्युत सर्ट भई मंगलबार बिहान आगलागी भएको छ । आगलागीबाट गोठमा रहेको पराल र काठको जलेर करिब १ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानीय बासिन्दा र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### ४७ जना फरार प्रतिवादीहरू पक्राउ

मोरङ । विभिन्न मुद्दामा फरार रहेका प्रतिवादीहरू ४६ जनालाई सोमबार र १ जनालाई मंगलबार गरी ४७ जनालाई प्रहरीले पक्राउ गरी अदालतमा बुझाएको छ । ती मध्ये चोरी, लागूऔषध, अंशचलन, सार्वजनीक अपराध, जुवा तथा लुटपाट लगायतका अपराधमा जिल्ला अदालत मोरङबाट कैद तथा जरिवाना सजाय तोकी हालसम्म फरार रहेका ४६ जना प्रतिवादीहरूलाई सोमबार जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । साथै जबरजस्ती करणी उद्योग मुद्दामा जिल्ला अदालत मोरङको २०७५ पुस २६ गतेको फैसलाले २ बर्ष ६ महिना कैद सजाय ठहर भई फरार रहेका प्रतिवादी केराबारी गाउँपालिका-९ बस्ने २५ वर्षीय तिल बहादुर श्रेष्ठलाई मंगलबार दिउँसो ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । पक्राउ परेका सबै जनालाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत मोरङमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं ।

जलेश्वरनाथ नगरपालिका
महोत्तरी

# प्रदेश २ का २४ स्थानीय तहको अनुदान रोक्का

जनकपुरधाम । आगामी आर्थिक वर्षका लागि ७५१ स्थानीय तह मध्ये ३२ वटाले बजेट स्वीकृत गर्न असफल भएका छन् । ती ३२ स्थानीय तहमध्ये प्रदेश २ का मात्रै २४ वटा छन् भने कर्णाली र गण्डकी प्रदेशका क्रमश: सात र एक स्थानीय तह छन् ।

बजेट नल्याउनेमा १० नगरपालिका र २२ गाउँपालिका छन् । प्रदेश २ मा सर्लाहीका ९ स्थानीय तह, धनुषाका ५, सप्तरीका ३ र रौतहटका ३ स्थानीय तहले बजेट समावेश गर्न सकेका छैनन् ।

ती सबै स्थानीय तहहरूले बितेको असार १० गतेसम्म नै बजेट स्वीकृत गर्नुपर्ने थियो तर पाँच महिनासम्म अर्थात् मंसिर १० गतेसम्म उनीहरूले बजेट समावेश गर्न सकेका छैनन् ।

स्थानीय सरकारले ल्याउने बजेट विद्युतीय लेखाङ्कन प्रणाली (सुत्र) मा समावेश गर्नुपर्ने हुन्छ । विद्युतीय लेखाङ\कन बजेट समावेश नगरिएमा संघीय सरकारले दिने चार किसिमको अनुदान रोकिन्छ । अनुदान दिनका लागि बजेट विद्युतीय लेखाङ्कन प्रणाली सुत्रमा लेखाङ्कन हुनुपर्ने व्यवस्था गरिएको छ ।

सबै तह (संघ, प्रदेश र स्थानीय) का सरकारले अघिल्लो आर्थिक वर्षभित्रै बजेट सम्बन्धित सरकारको व्यवस्थापिकामा पेश गरी पारित गर्नुपर्ने संविधानमा स्पष्ट व्यवस्था छ । नयाँ आर्थिक वर्ष अर्थात् साउन १ बाट सबै सरकारले व्यवस्थापिकाले पारित गरेको बजेट मात्र कार्यान्वयन गर्न पाउँछन् ।

**बजेट नल्याउने स्थानीय तहहरू**

- तिलाठी कोइलाडी गाउँपालिका
- विष्णुपुर गाउँपालिका
- राजगढ गाउँपालिका
- कर्जन्हा नगरपालिका
- अर्नमा गाउँपालिका
- नरहा गाउँपालिका
- धनुषाधाम नगरपालिका
- शहिदनगर नगरपालिका
- सबैला नगरपालिका
- जनकनन्दिनी गाउँपालिका
- धनौजी गाउँपालिका
- मिथिला बिहारी नगरपालिका
- कविलासी नगरपालिका
- गोडैटा नगरपालिका
- मलंगवा नगरपालिका
- चक्रघट्टा गाउँपालिका
- पर्सा गाउपालिका
- धनकौल गाउँपालिका
- बसबरिया गाउँपालिका
- ब्रम्हपुरी गाउँपालिका
- रामनगर गाउँपालिका
- बौधीमाई नगरपालिका
- राजदेवी नगरपालिका
- राजपुर नगरपालिका

महालेखा नियन्त्रकको कार्यालयले मंसिर १० गतेसम्म ३२ वटा स्थानीय तहले बजेट समावेश गर्न नसकेको जनाएको छ । जसमा सबैभन्दा बढी प्रदेश २ का २४ स्थानीय तहले बजेट समावेश गरेका छैनन् ।

महालेखा नियन्त्रकको कार्यालयले रियलटाम अपेडट हुनेगरी आय तथा खर्च विवरण सिस्टम बनाए पनि स्थानीय तहमा दक्ष कमर्चारीको अभाव र स्थानीय सरकारले समयमै बजेट ल्याउन नसक्दा यो समस्या देखिएको हो ।

प्रदेश १, ३, ५ र सुदूरपश्चिम प्रदेशका सबै स्थानीय तहले विद्युतीय लेखाङ्कन प्रणालीमा समावेश गरेको महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ ।

सबैभन्दा बढी प्रदेश २ का २४ स्थानीय तह, कर्णाली प्रदेशका ७ वटा स्थानीय तह र गण्डकी प्रदेशको एउटा स्थानीय तहले बजेट ल्याउन सकेका छैनन् ।

संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा बजेट पारित नगरी खर्च गर्न नपाउने प्रावधान उल्लेख छ ।

वित्तीय समानीकरण अनुदानलाई चार किस्तामा पठाउँदा एकपटकमा एक चौथाइ रकम पठाइने गरेको छ । यसअनुसार साउन २५, कात्तिक २, माघ २ र वैशाख २ गरी चार किस्तामा प्रदेश तथा स्थानीय तहको खातामा वित्तीय समानीकरण अनुदान पठाइने महालेखाको कार्यालयले जनाएको छ ।

चालु आर्थिक वर्षमा सरकारले प्रदेशका लागि ५५ अर्ब ३० करोड र स्थानीय तहका लागि ८९ अर्ब ९५ करोड वित्तीय समानीकरण अनुदान छुट्याएको छ ।

वित्तीय समानीकरणको रकमबाट भएको खर्च विवरण प्रत्येक आर्थिक वर्षको कात्तिक १, माघ १ , वैशाख १ र वैशाख २४ गतेसम्म सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने प्रावधान छ ।

बजेट नै सार्वजनिक नगरेको अवस्थामा यी अनुदान जान नसकेपछि स्थानीय तहमा समस्या देखिएको छ ।

## "कूटनीतिक पहलबाट समाधान हुन्छ"

पोखरा । सूचना तथा सञ्चारमन्त्री तथा सरकारका प्रवक्ता गोकुलप्रसाद बाँस्कोटाले अन्तर्राष्ट्रिय मान्यताका आधारमा छिमेकी भारतसँगको सिमाना विवाद कूटनीतिक र राजनीतिक प्रयासबाट समाधान गरिने बताएका छन् । नेपाल पत्रकार महासंघ कास्कीद्वारा आइतबार पोखरामा आयोजित पत्रकार भेटघाटमा उनले लिम्पियाधुरा, लिपुलेक र कालापानीका साथै सुस्तालगायत नेपालको भूमि रक्षाका लागि सरकारले दृढता र इमान्दारीसाथ पहल गरिरहेको उल्लेख गर्दै सरकारले 'कूटनीतिक नोट'समेत पठाइसकिएको जानकारी गराए । हामीलाई अर्काको एक इन्च जमीन नचाहिएको र हाम्रा पुर्खाले जोगाएको जमीनमाथि अतिक्रमण स्वीकार्य नरहेको उल्लेख गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री बाँस्कोटाले भने, 'वि.सं १८१६ मा इष्ट इन्डिया कम्पनीसँग भएको सम्झौताका नक्शा, तथ्य, प्रमाणका आधारका साथै ती भूमिहरूमा नेपालले गरेको जनगणना र कर कार्यालय लगायतका प्रमाणको आधारमा दृढताका साथ वार्ता गरिनेछ ।'

## वार्ताबाट समाधान निकाल्न सुझाव

काठमाडौं । नेपाल नीति अध्ययन केन्द्रले यथार्थमा आधारित वार्ताको माध्यमबाट सीमा विवादको समाधान निकाल्न सुझाव दिएको छ । नेपाल र भारतबीच युगौंदेखि रहँदै आएको सुमधुर सम्बन्ध कायम राख्न दुवै देशका सरकार र जनतालाई संयमित हुन पनि केन्द्रले आग्रह गरेको हो ।

## सामान बरामद

बाँके । जिल्लाको नेपालगञ्ज उपमहानगरपालिका १६ स्थित चौलिका चोकबार एपीएफ टोलीले करीव एक लाख ८७ हजार रूपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरेको छ । भारतबाट भन्सार छलेर नेपालतर्फ ल्याउदै गरेको उल्लेखित रूपैयाँ बराबरको लत्ताकपडा तथा मेशिनरी सामान सशस्त्र प्रहरी बल, नेपाल नम्वर ३० गण हेक्वा बाँकेबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो । बरामद सामान भन्सार कार्यालय जमुनाह बाँकेमा बुझाईएको छ । यसैगरि सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट गौरबाट खटिएको एपीएफ टोलीले करीव एक लाख ५० हजार रूपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com







## क्यान्सर

शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

स्वास्थ्य कार्यालय,
काठमाडौं, टेकु


स्थानीय सम्वाद

# गढीमाईको महिमा अपरम्पार छ



**तारादेवी कानु**
**उपमेयर, महागढीमाई नगरपालिका, बारा**

पशुबली रोक्नुपर्छ भन्नेहरूले यो गढीमाई मेला हुने पशुबलीलाई मात्र हेर्ने गरेका छन् । तर, काठमाडौंमै हेर्ने हो भने दिनहुँ हजारौंको पशुबली दिइरहेका हुन्छन् ।

**० विश्वप्रशिद्ध गढीमाई मेलाको चहलपहल कस्तो छ ?**

– प्रत्येक पाँच वर्षमा लाग्ने गढीमाई मेलाको तयारी महागढीमाई नगरपालिकाले तीन महिना अगावैदेखि गरिरहेको थियो । यसको सम्पूर्ण तयारी पूरा भइसकेको छ र श्रद्धालुहरूसमेत आउन सुरू भइसकेको छ । हामीले यो ऐतिहासिक र धार्मिक मेलालाई भव्य र सभ्य तरिकाले सम्पन्न गर्न लागिपरेका छौं । अहिले श्रद्धालुहरूको उपस्थिति बाक्लिँदै गएको छ ।

**० नगरपालिकाको तर्फबाट के कस्तो कार्य भएको छ ?**

– महागढीमाई नगरपालिकाले आफ्नो तर्फबाट सक्दो भरपूर तयारी गरेको हो । देश तथा विदेशबाट समेत आउने श्रद्धालुहरूलाई मध्यनजर गर्दै हरेक किसिमको व्यवस्था गरेको छ । नगरपालिकाले आफ्नो तर्फबाट शुद्ध खानेपानीका लागि धाराहरू जडान, दिसापिसाव गर्ने व्यवस्थित सौचालय, प्राथमिक उपचार, रातिको समयका लागि विद्युतको व्यवस्था, बास बस्नका लागि टेन्टहरू, नि:शुल्क खानाको व्यवस्था लगायतको व्यवस्था गरेको छ । विभिन्न ठाउँहरूबाट आएका श्रद्धालुहरूलाई कुनै किसिमको समस्या नहोस् भन्ने कुरा विशेष ध्यान नगरपालिकाले पुऱ्याएको छ । विगतको समयमा जुन किसिमका समस्याहरू श्रद्धालुहरूले भोग्नुपर्दथ्यो, त्यस्तो अवस्था अहिले आउँदैन । शान्ति सुरक्षा व्यवस्थापनका लागि ठाउँ-ठाउँमा प्रहरी प्रशासन पनि खटाइएको छ । यदि श्रद्धालु भक्तजनहरूलाई कुनै समस्या भयो भने हामीले तुरून्त स्वयम्सेविकाहरू परिचालन गरेका छौं ।

**० गढीमाई मेलामा कहाँ-कहाँबाट श्रद्धालुहरू आउने गर्छन् ?**

– नेपालका हरेक क्षेत्रबाट श्रद्धालुहरू आउने गर्छन् । साथै, छिमेकी मित्रराष्ट्र भारतबाट पनि धेरै मात्रामा श्रद्धालुहरू आउँछन् । नेपालका भन्दा पनि भारतका श्रद्धालुहरू बढी आउने गरेको देखिन्छ । त्यसैले, गढीमाई प्रतिको श्रद्धा दिनप्रति दिन बढ्दै गएको छ । गढीमाईको महिमा अन्तर्राष्ट्रियस्तरमा प्रशिद्ध भइरहेको छ ।

**० गढीमाई मेला खासगरी पशुबलीको नामले पनि प्रख्यात भएको देखिन्छ, यस वर्ष कतिसम्म पशुबली दिइनेछ त ?**

– यो गढीमाई मेलामा पशुबली दिने परम्परा पहिलादेखि नै चलिआएको छ । गढीमाईको महिमा नै अपरम्पार छ । पशुबलीलाई हामीले चाहेर पनि रोक्न सकिरहेका छैनौं । श्रद्धालुहरूको मनको पुग्छ भने आफै आउनुहुन्छ । त्यसैले, यसपटक ५० हजारभन्दा बढी नै पशुबली दिइनेछ जस्तो लागिरहेको छ ।

**० कुन-कुन पशुहरूको बली दिइने चलन छ त ?**

– गढीमाईलाई खसी, राँगा, परेवा लगायतका पशुबली दिने गरिन्छ । दिनप्रति दिन यहाँ बली दिनेहरूको संख्या बढ्दै गएको छ । त्यसैले, यसपटक त लाखसम्म पनि पुग्ने अनुमान गरिएको छ ।

**० गढीमाई मेलामा दिने पशुबलीलाई रोक्नुपर्ने आवाज पनि उठिरहेको छ, यसलाई कसरी लिनुभएको छ ?**

– गढीमाई मेलामा दिने पशुबलीलाई हामीले रोक्न सक्ने अवस्थामा छैनौं । तर, जसले रोक्नुपर्छ भन्छन्, उनीहरूले जनचेतना जनाउनुपर्छ । हामीले कसैलाई पशुबली दिनुस् भनेर भनेका हुँदैनौं, सबैले आस्था र श्रद्धाका साथ आउँछन् । श्रद्धालुहरूको मनोकांक्षा पूरा हुन्छन्, भाकल पूरा हुन्छ अनि आफै स्वस्फूर्तरूपले पशुबली दिइन्छ । कसैमाथि करचाप छैन । गढीमाईको भक्तिमा यति ठूलो शक्ति छ कि मान्छेको सोचेको कुरा पूरा हुँदा आस्थाका साथ पशुबली दिन आउँछन् ।

**० भनेपछि गढीमाई मेलामा दिइने पशुबलीलाई रोक्न अप्ठयारो छ ?**

– गढीमाई मेलामा दिइने पशुबली रोक्न अप्ठ्यारो मात्रै होइन, धेरै अप्ठ्यारो छ । जसले गढीमाईमा पशुबली प्रथा रोक्नुपर्छ भन्छन्, पहिला उसले नै माछामासु खान छोड्नुपऱ्यो । तर, आफू मासु खाने र पशुबली प्रथा रोक्नुपर्छ भन्ने भाषण गरेर हुन्छ ? यसको ज्वलन्त उदाहरणको रूपमा अस्ति मात्र वीरगन्जमा घटेको घटनालाई लिन सकिन्छ । वीरगन्जमा केही मान्छेहरूले बलीप्रथा रोक्नुपर्छ भनेर अभियान चलाउँदै थिए र त्यसपछि तिनीहरू आफै होटेलमा मासुभात खाँदै थिए । त्यस्ताहरूलाई युवाहरूले पाठ सिकाइसके । पशुबली रोक्नुपर्छ भन्नेहरूले यो गढीमाई मेला हुने पशुबलीलाई मात्र हेर्ने गरेका छन् । तर, काठमाडौंमै हेर्ने हो भने दिनहुँ हजारौंको पशुबली दिइरहेका हुन्छन् । त्यसलाई रोक्नुपर्छ भन्ने कसैले आवाज उठाउँदैन । तर, धर्म र आस्थाको नाममा हुने पशुबलीलाई मात्रै रोक्नुपर्छ भन्नु कतिको उचित हो ? तर, गढीमाई मेला जब पाँच वर्षपछि एकचोटि श्रद्धालुहरूले पशुबली दिँदा यसलाई रोक्नुपर्छ भन्ने भाषण गर्न थाल्छन् । वास्तवममा पशुबली राम्रो होइन, तर यसका लागि व्यापकरूपमा जनचेतना जगाउनुपर्ने आवश्यक छ ।

**० गढीमाई मेलाको पशुबली प्रथा रोक्नु भनेको धर्ममाथिको प्रहार हो ?**

– हो, हामीलाई त त्यस्तै लाग्छ । किनभने यहाँ त पाँच वर्षमा एकचोटि पशुबली हुन्छ तर, काठमाडौं त दिनहुँ हजारौं पशुहरू भैंसी, खसी, सुँगुर, कुखुरा लगायतका बली दिइन्छ । त्यो कुरा किन अरूले देख्दैनन् । जब-जब गढीमाई मेला आउँछ तबतब यसलाई रोक्नुपर्छ भन्नुको अर्थ त आस्थामा प्रहार गर्न खोजेको प्रष्ट बुझिन्छ ।

विश्व परिवेश

# चीनका अल्पसंख्यक प्रताडित

- अल्लाबक्श



चीनले सिन्चियांगका युधुर अल्पसंख्यकहरूलाई प्रताडित गर्दै आएको सर्वविदित नै रहेको छ । तर उसको अन्य अल्पसंख्यकहरू खास गरीकन हुई मुस्लिमहरूको साथमा गर्ने व्यवहार बारे कसैलाई राम्ररी थाहा छैन । हालै संचार माध्यमहरू मध्येको न्यूयोर्क टाइम्सको एक संचार माध्यममा समेत सेप्टेम्बर २१, २०१९ का दिन हुई अल्पसंख्यक जनसंख्याबारे चीनको व्यवहारलाई सार्वजनिक गरेको छ । जसले विभिन्न प्रकारले दमनको प्रवृति र स्वरूप समेत बारे कडा टिप्पणी गरेको छ । हालैको एक निरीक्षण प्रतिवेदनले देखाए अनुसार त्यसको प्रकृति र स्वरूप सिन्चियांगसम्म मात्र सीमित छैन बरू चीनको अन्य भागहरूमा रहेको मुस्लिम युधुर समुदायहरू चिनियाँ सरकाबाट गर्ने गरिएको घोर ज्याजतीहरूबाट प्रताडित रहेका छन् ।

उदाहरणका लागि, चीनको उत्तर-पश्चिमको क्षेत्रमा 'लिट्स मक्का' नामले प्रख्यात रहेको नगर नजीकको एक सानो गाउँ लिन्भिया समेतमा रहेको अल्पसंख्यक मुस्लिम समुदायहरूद्वारा निमित्त मस्जिदहरूमाथि रहेको गुम्बा स-साना चिनोहरू समेतलाई सरकारले ध्वस्त पारीदिएको छ ।

त्यस्तै प्रकारका विध्वंशकारी कार्यहरू मोन्गोलिया, हेनान र निंगाभिआको भित्री भागमा रहेको हुई समुदायको गृहनगर जो चीनका सबभन्दा ठूलो आदिवासी समुदायको बासस्थान रहेको छ । त्यहाँपनि व्यापक स्तरमा विध्वंशक गतिविधिहरू संचालन गरिसकेको छ । युनानको दक्षिणी प्रान्तमा तीन ठूला मस्जिदहरू प्रान्तीय अधिकारीहरूद्वारा बन्द गरिएको प्रतिवेदन समेत सार्वजनिक हुन आएको छ । अझ उल्लेखनीय कुरो निगंभिआ प्रान्तमा अरबी लिपिमा सार्वजनिक गरिएका प्रदर्शनहरू समेतलाई प्रतिबन्धित गरिएको छ । चीन यति हदसम्म पुगीसकेको छ कि 'हलाल' भन्ने शब्दलाई समेत रेष्टुरेण्टहरूले खाना तयार पार्ने इस्लामिक आधिकारिक सीलुको परम्पराबाट भिक्न लगाएर त्यसको प्रयोग अब चीनीयाँ स्वरूपमा गर्न थालिएको छ । निषेधको यो प्रक्रिया बेइजिङ लगायत अन्य ठाउँहरूमा समेत विस्तारित गरिएको छ । थुप्रै प्रान्तहरूका अधिकारीहरूले खानाका लागि हलाल प्रमाणपत्र वितरण गर्न बन्द गरिएको छ र त्यस्तै डेरी र गहुँ उत्पादकहरू लगायत रेष्टुरेण्टहरूमा समेत वितरण गर्न बन्द गरिएको छ ।

चीनमा 'इस्लामको अवरोध' स्पष्ट रूपमा सिंचियांगमा मात्र प्रतिबन्धित गरिएको छैन । चीनको सत्ताले चिनियाँ भाषा बोल्नेहरूलाई समाहित गर्ने प्रयास गर्नु विखण्डनवाद वा अतिवादको हालको कीर्तिमान होईन । एक ख्यातिप्राप्त पर्यवेक्षकका अनुसार -दुई समुदायलाई लक्षित गर्ने अभियानको उद्देश्य विचारधारा, प्रतिक चिन्ह, संस्कृति, उत्पादन लगायत कुनै चीनका लागि आवश्यक नभएको चीजलाई बेवास्ता गर्नु हो । यसले जीवनको लागि उपयोगी र सार्थक हुने कुरोलाई अनुमति दिनु हो । पारसी व्यापारीहरूका प्रिय अनुयायी हुई समुदाय चिनियाँ सत्ताको बढ्दो दबाब खेप्दै आएको छ जबकि बेजिङ्गले आदिवासी बहुसंख्यकहरूलाई तिनीहरूमा राष्ट्रियताको भावना विकास गर्न उल्लेखनीय सहयोगलाई टेवा दिँदै आएको छ । टेलिभिजन मार्फत आधिकारिक वक्तव्यका माध्यमबाट सी को दृष्टिकोणमा चीनको ऐतिहासिक शक्ति, अर्थ, संस्कृति र गौरवलाई पुनः प्राप्त गर्ने 'चीनको सपना' रहेको बारे खुलस्त रूपमा भन्ने गरिएको छ । जबकि १०.५ मिलियन जति जनसंख्या भएको युधुरहरूमाथि सिन्चियांगमा गरिने गरिएको शोषणकारी र आक्रमण प्रक्रिया अपनाइएको छ त्यस अनुपातमा हुई विरूद्ध कुनै नयाँ प्रक्रिया लागु गरिएको छैन । निनभिया क्षेत्रमा हुई चीनको तेस्रो ठूलो आदिवासी अल्पसंख्यक रहेको छ । संमग्रमा चीनको जम्मा जनसंख्या १.४ बिलियन मध्ये २२-२३ मिलियन मुस्लिमहरू रहेको छ । युधुरहरूमाथि सिन्चियांगमा जसरी व्यापक स्तरमा प्रतिबन्ध र आक्रमक निगरानी राखिएको छ त्यसको अनुपातमा हुई विरूद्ध कुनै नयाँ प्रक्रिया लागु गरिएको छैन । १०.५ मिलियन जति जनसंख्या भएको युधुरले हुईहरूमध्ये चिन्ता र आक्रोश फिजाँई दिएको छ । निगंभिया क्षेत्रमा केन्द्रित रहेको हुई चीनको तेस्रो ठूलो आदिवासी अल्पसंख्यक हो ।

चीनमा अल्पसंख्यकहरू विरूद्ध अपनाइएको प्रक्रियाले राष्ट्रपति सी जिनपिंगद्वारा लागु गरिएको कडा र कठोर प्रकृतिका नीतिहरूलाई प्रदर्शित गर्दछ निककी उनको चाहना कम्युनिष्ट पार्टीको प्रधानता पुनस्थापित गरी आफ्नो विचारधारा र सिद्धान्तहरू जीवनको हरेक क्षेत्रमा लागु गर्नु रहेको छ । सबभन्दा महत्वपूर्ण कुरा चीनको हरेक नागरिकले उनलाई आफ्नो नेता मान्नु र उनको अनुकरण गर्नु रहेको छ । चीनको सत्तालाई यो भय छ कि मुस्लिमहरूको आस्था धार्मिक अतिवादमा परिणत भएको खण्डमा त्यसले राज्यको सुरक्षा व्यवस्थालाई चुनौती दिन सक्नेछ ।

त्यसको फलस्वरूप कम्युनिष्ट पार्टीले चीनभरिमा नेता सि जिङपिंगका तर्फबाट इस्लामिक रिति-रिवाज र क्रियाकलापहरूलाई प्रतिबन्धिक गर्ने गरी नयाँ निर्देशिकाहरू कार्यान्वयन हुन लागेको छ ।

सन् २०१८ मा चीनको राष्ट्रिय परिषद्ले एक निर्देशिका जारी गरेको थियो, त्यसको शीर्षक 'नयाँ परिस्थितीमा इस्लामिक कार्यलाई पुनस्थापित र सुधार गर्नु' रहेको थियो । त्यस निर्देशन अनुरूप स्थानीय अधिकारीहरूलाई राज्यको क्रियाकलाप र धर्मनिरपेक्ष जीवनमा इस्लामको हस्तक्षेपलाई रोक्नु रहेको थियो । जबकि जनजीवनको क्षेत्रमा त्यसको कुनै निर्देशन आधिकारिक रूपमा रहेको देखिएको छैन । चीनका इस्लामिक स्थलहरू, परम्परागत र प्रदर्शन एवं रितिरिवाजहरूको अरबीकरण नहोस् त्यस विरूद्ध त्यस्तो निर्देशिका चेतावनी स्वरूप गरिएको छ ।

जर्मनमा रहेको विश्व युधुर महासभाबाट अप्रिल, २०१८ निर्देशिका चीनको कम्युनिष्ट पार्टीलाई उपलब्ध गराईएकोमा चीनको केन्द्रिय नेतृत्वले स्थानीय अधिकारीहरूलाई कलाकृत्ति, भेष-भुषा, धार्मिक व्यवहार तथा भाषा माथि साउदी र अरबको प्रभुत्वलाई प्रभावहीन बनाउन निर्देशित गरिएको छ । यो उल्लेखनीय छ कि यसले इस्लामको गृह र सबभन्दा पवित्र स्थलमाथि साउदी अरबियाको प्रभुत्वको संकेत र सम्बन्धलाई प्रदर्शित गर्दछ र त्यसका साथै जतिखेर साउदी अरबिया निर्देशिका ओ.आई.सी.ले निहित स्वार्थ जस्तै व्यापारका लागि चीनलाई त्यहाँ युधुर मुस्लिमहरूलाई हस्तान्तरण गर्न अनुरोध गरेको थियो । विखण्डनको सबभन्दा महत्वपूर्ण पक्ष मध्ये एसिया अथवा इस्लामिक क्रियाकलपहरू जस्तै निर्मित मस्जिद तथा गुम्बाहरूका कलात्मक विशेषता एवं विशिष्टताहरूलाई लक्षित एवं प्रभावित पार्नु रहेको छ । त्यस्ता प्रतीकहरू चीनका लागि खतरनाक सम्झिएकोले त्यस्ता कलाकृतिहरूमाथि बढी ध्यान केन्द्रित गर्नु चीनका लागि महत्वपूर्ण हुन गएको छ । अझ उल्लेखनीय के छ भने अप्रिल, २०१४ को निर्देशिकाले इस्लामिक वित्तिय प्रणालीको प्रयोगलाई निषेधित गर्दछ । त्यसले मस्जिदहरूसँगै अन्य इस्लामिक संगठनहरू जसले किण्डरगाटेन अथवा विद्यालय पश्चात्का कार्यक्रमहरूसँगै अरेबिक भाषाका विद्यालयहरूले धर्म सम्बन्धनमा शिक्षा दिए । विदेशमा विद्यार्थीहरूलाई पढ्नका लागि पठाउने गरेको कार्यहरू समेतलाई निषेधित गरेको छ ।

निगंभिआ र गाँसु प्रान्तले प्राथना गर्ने पारम्पारिक प्रार्थना 'अजान' माथि समेत प्रतिबन्ध लगाई दिएको छ । अधिकारीहरूले आफैं पनि मस्जिदहरूलाई लक्षित गर्दै आएका छन् । गंसुझाको लिम्भिआ नजीकको एक गाउँ गजुँआग्नस्थित एक मस्जिदहरूमाथि अप्रिल, २०१९ मा निर्माण कार्य गर्ने मजदुरहरूले नै प्रहार गरेर ध्वस्त बनाई दिएको थियो, जो अझ पनि बन्न सकेको छैन । संचारमाध्यमले एक भिडियो मार्फत गाजुआंगस्थित मस्जिदहरूमाथिका सुनौला स-साना गुम्बा (बुर्जा) लाई नष्ट पारेर त्यसका अवशेषलार्य प्रार्थना भवन समेतमा मजदुरहरूले छर्कने गरेको दृश्य प्रदर्शित गरेको छ । युनान प्रान्तमा धेरै अघिदेखि बस्दै आएका हसई समुदायहरूद्वारा निर्मित मस्जिदहरूसँगै तीनवटा साना गाउँहरू समेतलाई अधिकारीहरूले बिना सरकारी आदेश निषेधित बनाई दिएको छ । प्रहरीको हस्तक्षेपले विरोधलाई रोक्न सकेन । देशका तर्फबाट मस्जिदहरू अवैधानिक धार्मिक क्रियाकलापहरू संचालित गर्ने गरेको सम्बन्धमा वक्तव्य प्रसारत गरिएको थियो । दुई वर्ष अघि युनानएकारती इसतालिम परम्परा अनुरूप गर्ने प्रार्थनालाई बन्द गरिएको थियो , त्यस्तै पवित्र गृहबाट समेत कुरान बिक्री गर्न प्रतिबन्धित गरिएको थियो । हुअंगाग र हु लिआनद्धारा सन् २०१२ मा लेखिएको एक लेख मार्फत अल्पसंख्यकहरूप्रति सि.पि.सी को व्यवहारप्रति टिप्पणी गरिएको थियो, जसले यस्तो पनि चिताएको थियो यस्तै प्रकारको प्रणाली लागु गरेको कारण सोबियत युनियनको पतन भएको थियो । दुवै लेखकले यो पनि चेतावनी दिएका थिए कि 'क्षेत्रीय आदिवासी वर्ग' र 'क्षेत्रीय आदिवासी स्वार्थ' जस्ता दुवै प्रकारका चुनौतीहरूले आदिवासी बीच विखण्डनवादलाई बढाएको छ ।

निष्कर्षत : यो स्पष्ट छ कि चीनको आफ्नो अल्पसंख्यक आदिवासी समुदायप्रतिको दृष्टिकोण बर्षौंदेखि परिवर्त्तित हुँदै आएको छ र हालै समयमा मुस्लिम अल्पसंख्यकहरूले गर्दा ज्यादै नाटकीय ढंगले परिवर्तित भएको छ । लामो समयदेखि चीनमा बस्दै आईका हुई र युधुर मुस्लिमहरूले समेत त्यसलाई अनुपालन गर्नुपर्नेछ । सबभन्दा दुर्भाग्यपूर्ण यो छ कि आज सिन्चियांयमा जुन कडा नीति सुरू भएको छ त्यो चीनको अन्य भागमा समेत विस्तारित हुँदै गएको छ र त्यसैले त्यस्ता काम-कारबाहीलाई चीनभित्र नै सीमित रहनेछ र प्रतिबन्धले गर्दा विश्वका अन्य मुस्लिम बहुल क्षेत्रहरूका संचार माध्यमहरूमा समेत स्थान पाउन सक्दैन । *–एजेन्सीको सहयोगमा*

२०७६ मंसिर १४ गते शनिबार हुने उपनिर्वाचनमा सही तरिकाले मतदान गर्न सिकौं र सिकाऔं । आफ्नो अमूल्य मत बदर हुनबाट जोगाऔं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

## भारतीय गाडीमा भ्रमण वर्षको पोस्टर टाँस्ने अभियान सुरू

काठमाडौं । पूर्वी नाका काँकडभिट्टामा लायन्स क्लब अफ काँकडभिट्टाले नेपाल प्रवेश गरेका सबै भारतीय सवारी साधनहरूमा नेपाल भ्रमण वर्ष २०२० को लोगो अङ्कित पोस्टर टाँस्ने अभियान सुरू गरेको छ । संघीय सांसद् राम कार्की तथा प्रदेशसभा सदस्यद्वय श्रीप्रसाद मैनाली र गोपाल बुढाथोकीले डब्लुबी ७४ एके ८८६४ नंको भारतीय गाडीमा संयुक्त रूपमा पोस्टर टाँसेर अभियानको सुरूआत गरेका हुन् । रङ्गीन कलेवरमा पर्यटन वर्षको लोगोसहित छापिएको पोस्टरमा 'नेपाल भ्रमण वर्ष २०२० मा पाल्नुहुने सम्पूर्ण वैदेशिक तथा आन्तरिक पर्यटकहरूलाई स्वागत गर्दै पर्यटन वर्ष सफल पारौं' उल्लेख गरिएको छ । भूटान, बङ्गलादेश, म्यान्मा र उत्तरपूर्वी भारतको पश्चिम बङ्गाल, सिक्किम, मेघालय, आसाम, नागाल्यान्ड, मिजोरम लगायत प्रान्तका पर्यटकहरूका लागि नेपाल प्रवेश गर्ने सबैभन्दा सहज स्थलनाका काँकडभिट्टा नै हो ।

जिल्ला समाचार

## संयुक्त सुरक्षा गस्ती

महोत्तरी । उपनिर्वाचनको मिति नजिकिँदै गएपछि महोत्तरी जिल्लाको भारतीय सीमा क्षेत्रमा नेपाल र भारतका सुरक्षा निकायले संयुक्त गस्ती थालेका छन् । आगामी शनिबार महोत्तरीका तीन स्थानीय तहका चार पदका लागि उपनिर्वाचन हुँदैछ । जिल्ला प्रशासन कार्यालयको आग्रहमा भारतको मधुवनी र सीतामढी जिल्ला प्रशासन कार्यालयले नेपाली सुरक्षाकर्मीसँगै भारतीय सीमा सुरक्षा बलका जवानलाई गस्तीमा खटाएको छ । महोत्तरीको पूर्वीदक्षिणी सीमा मटिहानीदेखि पश्चिमीदक्षिणी सीमा खैरबनीसम्मको दशगजा क्षेत्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र भारतीय सीमा सुरक्षा बलका जवानले संयुक्त गस्ती गरिरहेको प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले जानकारी दिए । संयुक्त सुरक्षा गस्तीले उपनिर्वाचनका मुखमा सीमाक्षेत्रबाट हुने अवाञ्छित गतिविधि नियन्त्रणसँगै साना हतियारको ओसारपसार, लागूऔषध कारोवार र मानव तस्करी रोक्न र सीमा विवाद बढ्न नदिन सहयोग पुग्ने प्रजिअ खत्रीको बिश्वास छ ।

## जनचाहनाविपरीत काम गरिरहेको आरोप

रौतहट । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश २ का अध्यक्ष प्रभु साहले गाउँदेखि शहरसम्मको बिकास र समृद्धिका लागि नेकपाका उम्मेदवारलाई मतदान गर्न आग्रह गरेका छन् । उपनिर्वाचनका क्रममा रौतहटको गढीमाई नगरपालिका वडा नं. २ का उम्मेदवार जवार मियाँको चुनावी सभा तथा घरदैलो कार्यक्रममा सहभागी नेता साहले स्थानीय तहको बिकासका लागि नेकपाको बिकल्प नभएको बताए । 'मुलुकको समृद्धि, सुशासन तथा प्रगतिका लागि नेकपाको बिकल्प छैन' साहले भने, 'गाउँ देखी शहरसम्मको बिकासका लागि मुलुकमा नेकपा आवश्यक रहेकोछ ।' भ्रष्टाचार तथा प्रदेश २ सरकारको बजेटमा भइरहेको भागबण्डाको विरूद्धमा नेकपालाई मतदान गर्न अहिलेको आवश्यक्ता रहेको उनले बताए । समाजको परिवर्तन, विकास तथा समृद्धिका लागि नेकपा नेतृत्वको सरकार योजनाबद्ध तरिकाले अगाडी बढिरहेको बताउँदै उनले 'समृद्ध नेपाल, सुखी नेपाली' को सपना पूरा गर्न नेकपाका उम्मेदवारलाई अत्याधिक मतले विजयी गराउन आग्रह गरे । नेकपा केन्द्रीय सदस्य एवं पूर्वमन्त्री समेत रहेका नेता साहले अहिले प्रदेश २ सरकारले जनताको चाहनाविपरीत काम गरिरहेको आरोप लगाए ।

## लैंगिक हिंसाविरूद्धको अभियान उद्घाटन

कपिलवस्तु । लैंगिक हिंसा विरूद्धको १६ दिने अभियान कृष्णनगर नगरपालिकामा दिप प्रज्वलन गरि भव्यरूपमा सोमबार औपचारिक रूपमा उद्घाटन गरिएको छ । समानताको पुस्ता, बलात्कार विरूद्ध एक्यवद्धता भन्ने मुल नाराका साथ कृष्णनगरको आयोजना तथा आफन्त नेपाल,पि.आर.सि नेपाल,साना हात,नेपाल प्रहरी लगायत विभिन्न संघ सस्थाहरूको सहकार्य रहेको थियो । कार्यक्रममा कृष्णनगर नगरपालिका का प्रशासकीय अधिकृत दामोदर भण्डारीको प्रमुख आतिथ्य तथा दिप प्रज्व्लनको उद्घाटन गरिएको थियो कार्यक्रममा आन्तरिक राजश्व कार्यलयका कार्यलय प्रमुख पुन्य गौतम,उधोग बाणिज्य संघ का अध्यक्ष,लाइन्स क्लबका अध्यक्ष दिनेश चन्द्र गुप्त , राष्ट्रीय मदरसा संघका राष्ट्रीय अध्यक्ष डा.अब्दुल गनि अल्कुफी, प्रदेश नं ५ मदरसा संघ का उपाध्यक्ष मौलाना मसूद खां नेपाली विभिन्न संघ सस्थाको उपस्थिती रहेको थियो ।

## "महोत्सवले सकारात्मक प्रभाव पार्ने"

भैरहवा । नीजिस्तरबाट सञ्चालित मेला महोत्सवले आर्थिक तथा सामाजिक क्षेत्रमा सकारात्मक प्रभाक पार्ने एक कार्यक्रमका सहभागिहरूले जोड दिएका छन् । उनीहरूले सरकारले सञ्चालन गर्नुपर्ने महोत्सव नीजि क्षेत्रले सञ्चालन गरे पनि त्यसले सरकारको नीतिलाई सहयोग पुऱ्याइरहेको बताए । भैरहवाबाट प्रकाशित गौतमबुद्ध सन्देश दैनिक तथा रेडियो रिपब्लिक ८८.२ मेगाहर्जको संचालन संस्था गौतमबुद्ध मिडिया प्रा.लि.ले आयोजना गरेको आर्थिक तथा पर्यटन क्षेत्रमा महोत्सवले पार्ने प्रभाव विषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने सहभागिहरूले मेलाले आर्थिक गतिविधिलाई चलायमान बनाउने बताए । उद्योग व्यापार संगठन रूपन्देही तथा नेपाल चेम्बर अफ कमर्सको आयोजनामा भैरहवास्थित अञ्चलपुरमा मंसिर ३ गतेदेखि सञ्चालित पाँचौ लुम्बिनी पर्यटन प्रबर्द्धन औद्योगिक व्यापार तथा कृषि महोत्सव-२०७६ को सचिवालयमा मंगलबार आयोजित कार्यक्रममा बोल्ने सहभागिहरूले प्रदेश सरकारले मनाइरहेको लुम्बिनी भ्रमण वर्ष र संघीय सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्षलाई सफल बनाउन महोत्सवले सहयोग पुऱ्याइरहेको बताए ।

## चापाकल वितरणमा आर्थिक हिनामिना

रूपेन्द्र पटेल, रौतहट । रौतहटको बृन्दावन नगरपालिकाले चापा कलको नाममा चरम लापरबाही र आर्थिक चलखेल गरिरहेको स्थानीयले आरोप लागाएका छन् । बृन्दावन नगरपालिकाले विगत २ महिनादेखि नगरस्तरीय योजनाअर्न्तगत उक्त चापा कल निःशुल्क वितरण गरिरहेको नगर प्रमुख रामस्नेही यादवले बताएका छन् । सो कल वितरणको बारेमा सञ्चारकर्मीले बुझ्न खोज्दा नगर प्रमुख यादव र प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र राय यादवले पछि जानकारी दिने भन्दै पन्छिएका छन् । बृन्दावनमा कति ओटा कल वितरण हुने, कस्ता जनतालाई वितरण गर्ने भन्ने कर्मचारीदेखि जनप्रतिनिधिसम्मलाई सो सम्बन्धमा जानकारी नभएको र मेयर र प्रशासकीय अधिकृतको मिलोमत्तोमा गुपचुपमा सो कल वितरण गरिरहेको स्थानीयले बताएका छन् । स्थानीय सरकारले योजना तर्जुमा गर्दा स्थानीय स्तरमा छलफल गरि तर्जुमा गर्नु पर्ने भएतापनि सो कल वितरणबारे स्थानीयलाई केही जानकारी नै नगरि आफ्ना कार्यकर्ता र नातागोतालाई मात्र वितरण गरेको स्थानीयको भनाइ रहेको छ । एकै परिवारका चार जना सदस्यलाई कल वितरण भईरहदा समेत सम्बन्धित निकायले चासो नदेखाएको स्थानियले गुनासो गरेका छन् ।

## सूचना टाँस गरी सहकारी संस्था बन्द

कपिलवस्तु । कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवास्थित कपिलवस्तु बचत तथा ऋण सहकारी संस्था लिमिटेडका कर्मचारी र बचत संकलनकर्ताहरूले करिब १२ करोड रूपैयाँ हिनामिना गरेको तथ्य फेला परेको छ । सहकारीका कार्यालय सहायक राजेश कुमार कान्दुले १ करोड ४ लाख ३२ हजार रूपैयाँ हिनामिना गरेको पाइएको छ । त्यस्तैगरी सहकारीको सञ्चालक समितिले सहकारीको कार्यालयमा गरेको पत्रकार सम्मेलनमा बचत सञ्चालकहरू (अन्य चार जना) ले ५५ लाख ५० हजार रूपैयाँ हिनामिना गरेको बताइएको छ । गत भदौ महिनासम्मको हिसाब चेकरजाँच गर्ने क्रममा प्रारम्भिक अवस्थामा यस्तो हिसाब देखिएको हो । हिसाबमा बचत संकलन कर्ता संजीवनमान शाक्य र तिजु कुर्मीले बक्यौता रकम सहकारीमा जम्मा गरेका छन् ।

## शैक्षिक प्रतिस्पर्धा सम्पन्न

वीरगन्ज । होली एन्जलस् मा.वि.द्धारा विद्यालयमा शैक्षिक प्रतिस्पर्धा सम्पन्न गरिएको छ । शैक्षिक प्रतिस्पर्धामा होमिएका सयौंभन्दा बढी विद्यार्थीहरूले भाग लिएता पनि कक्षा ३ मा अध्ययनरत मुस्कान खातुनले प्रथम स्थान हासिल गरी विद्यालयमा उच्च स्थान ल्याएको मा.विका प्रधानाध्यापक अरविन्द सिंहले जानकारी दिएका छन् । प्रत्येक वर्ष हुने शैक्षिक प्रतिस्पर्धामा प्रथम द्बितीय र तृतीय हुनेहरूलाई तगमा र कदरपत्र दि सम्मानीत गर्ने क्रममा यस वर्ष कक्षा ३ मा अध्ययनरत मुस्कान खातुनलाई तगमा लगाई कदर-पत्र दि सम्मानित गरिएको ।

## गर्भवतीलाई निःशुल्क क्याल्सियम

रूपन्देही । रूपन्देहीको तिलोत्तमा नगरपालिकाले गर्ववती महिलाई क्याल्सियम निःशुल्क उपलब्ध गराउने भएको छ । गर्ववती महिला तथा शिशुको पोषणमा सुधार ल्याउन नगर कार्यपालिकाको ७४औं बैठकले स्वास्थ्य संथामार्फत क्याल्सियम निःशुल्क उपलब्ध गराउने निर्णय गरेको हो । गर्भवती भएको तीन महिनादेखि सुत्केरी भएको ४५ दिनसम्म दैनिक एक चक्की क्याल्सियम खानुपर्ने स्वाथ्यकर्मीहरू बताउँछन् । स्वास्थ्यकर्मीले गर्भवती महिलालाई क्याल्सियम नियमित सिफारिस गरे पनि सरकारी स्वास्थ्य संथामा निःशुल्क नपाइँदा किनेर खानुपर्ने बाध्यता छ । नगरपालिकाको यो निर्माणसँगै अब तिलोत्तमाका सवै गर्भवती महिलाले आइरन चक्कीसँगै क्याल्सियम पनि निःशुल्क प्राप्त गर्ने छन् ।

# कालापानीलाई राष्ट्रियताको रङ्ग दिइए नेपालका दलहरूका लागि खतरा : श्यामशरण



काठमाडौं। भारतका पूर्व विदेश सचिव श्याम शरणले नेपाल र भारतबीचको सीमा समस्यालाई सहमतिबाट हल गर्न सुझाव दिएका छन्। नेपाल र भारतको सीमा समस्यालाई राष्ट्रियताको रङ्ग दिइए नेपालका राजनीतिक दलहरूका लागि खतरा बन्न सक्ने उनको चेतावनी छ। उनले नेपालका राजनीतिक दलहरू दुई देशबीच भएका विवाद सहमतिबाट हल गर्न लाग्नुपर्ने विषयभन्दा अन्यत्र मोडिएको भन्दै आलोचना समेत गरेका छन्। 'मित्रवत् तरिकाले सहमतिबाट हल गर्नुपर्ने विषयलाई राष्ट्रियताको रङ्ग दिएर उठाउन खोजे नेपालका राजनीतिक दलहरूलाई केही खतरा बन्न सक्छ' उनले भनेका छ।

नेपालका लागि राजदूत पनि रहिसकेका श्यामशरणले इन्डियन एक्सप्रेसमा आलेख लेख्दै भनेका छन्, 'सीमाको पृथक पहिचान र अभ्यासलाई नेपाल र भारत दुवैतर्फबाट जोखिममा पारिएको छ। नेपाल र भारतबीचको पृथक र विशेष खालको अभ्यास भइरहेको सीमाको विशिष्टता नै जोखिममा परेको छ।' 'दुनियाभर नभएको पृथक भारत र नेपालबीचको सीमामा राजनीतिक सीमाले पनि प्राचीनकालदेखि सांस्कृतिक, धामिर्क र नातासम्बन्ध भएका जनताको आवतजावतलाई रोक्न दिइएको छैन। तर नेपालको क्षेत्रीय राष्ट्रवाद र भारतमा बढ्दो 'सेक्युरिटी स्टेट'का कारण यो जोखिममा परेको छ', आलेखमा उनले भनेका छन्।

हालै काठमाडौंको भ्रमण गरेको उल्लेख गर्दै श्यामशरणले त्यहाँ रहँदा आफूले देखेको र भोगेको विषय पनि आलेखमो समेटेका छन्। उनले काठमाडौं उपत्यकामा भारतविरूद्ध भावना जगाउन सजिलो हुने गरेको दाबी गरेका छन्। भारतविरोधी भावना नेपालको आन्तरिक र बाह्य राजनीतिमा महत्वपूर्ण हुने गरेको उनको भनाई छ।

भारतले जम्मु कश्मिरको मामलामा नयाँ नक्शा जारी गरेकोमा नेपालका लागि कुनै लेनदेनको विषय नभएको श्यामशरणको तर्क छ। यसै विषयमा नेपालभित्र उठिरहेको विरोधतर्फ संकेत गर्दै उनले राजनीतिक दलहरूको भूमिकाको आलोचना गरेका छन्।

नेपालले विदेशमन्त्रीस्तरीय छलफलमा यसलाई उठाउने नगरेको समेत श्यामशरणले लेखमा उल्लेख गरेका छन्। उनले सन् २००३ मा आफू राजदूत हुँदा विदेशमन्त्री स्तरमा सन्धी पुनरवलोकनबारे छलफल चलाउने निर्णय भएकोमा कालापानी र सुस्ताको विषयलाई छलफलको विषयबाट हटाइएको खुलासा गरे।

# पशुपति क्षेत्रलाई सवारीसाधन हस्तान्तरण

काठमाडौं। भारतीय महिला संघका अध्यक्ष नम्रिता पुरीले पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा. प्रदीप ढकाललाई पशुपति मन्दिर परिसरमा उच्च-गुणस्तरको लिथियम आयन ब्याट्रीजडित आठ सिट क्षमताको २ वटा विद्युतीय सवारी साधन हस्तान्तरण गरेकी छन्।



यी वातावरण मैत्री सवारी साधनको उत्पादन भारतीय कम्पनी गयाम मोटर वर्क्सले गरेको हो।

अध्यक्ष पुरीले पशुपतिनाथ मन्दिरको दर्शन गर्न आउने तीर्थयात्री र विशेष गरी महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्त व्यक्तिहरूका लागि यी वातावरण मैत्री सवारीसाधन उपयोगी हुने बताइन्। यी सवारीसाधनले दुई महिलाका लागि रोजगारीको अवसर पनि प्रदान गर्नेछ। भारत र नेपालका जनताबीच रहेको साँस्कृतिक तथा धार्मिक सम्बन्धलाई सुदृढ गर्नुका साथै दुई देशका जनतालाई अझ नजिक ल्याउन विद्युतीय सवारीसाधनको हस्तान्तरण अर्को कोषेढुङ्गाको रूपमा रहनेछ।

भारतीय राजदूतावासको संरक्षकत्वमा रहेको भारतीय महिला संघ भारतीय महिलाहरूको एक सङ्गठन हो जसले नेपालमा रहेका भारतीय महिलाहरूलाई एउटै मञ्चमा ल्याउने काम गर्दछ।

यस संघले भारतीय र नेपाली महिलाबीच अन्तरक्रियाका लागि मञ्च प्रदान गर्नुका साथै भारतीय तथा नेपाली समुदायबीच सद्भाव र मित्रतालाई प्रवर्धन गर्ने काम गर्दछ।

भारतीय महिला संघले नेपालमा महिला तथा बालबालिकालाई लक्षित गरी विभिन्न परोपकारी क्रियाकलापहरू पनि गर्दै आएको छ। हालै यस संघले काठमाडौंको नव ईन्द्र धनुष अंग्रेजी आवासीय विद्यालय, कोसेली फाउन्डेसन, बाल सारथी, नेपाली स्नेही काख र भक्तपुर क्यान्सर अस्पतालसँग मिलेर परोपकारी कार्यक्रमहरू सञ्चालन गरेको छ।

युनेस्कोको विश्व सम्पदा क्षेत्रमा सूचीकृत पशुपतिनाथ मन्दिर तथा यस सँगैका क्षेत्रको संरक्षण तथा संचालनका लागि पशुपति क्षेत्र विकास कोषको स्थापना गरिएको हो।

# भारतको संविधान दिवस मनाइयो



काठमाडौं। काठमाडौंस्थित भारतीय दूतावासले आफ्नो ७० औं संविधान दिवस मनाएको छ। दूतावास परिसरमा आयोजित कार्यक्रममा भारतीय राजदूत मञ्जिवसिंह पुरीले शुभकामना दिए। त्यसअवसरमा नेपालमा रहेका भारतीयहरू, विभिन्न स्कुलका विद्यार्थीहरू र भारतीय दूतावासका कर्मचारीहरूले भारतीय संविधानको प्रस्तावना वाचन गरेका थिए। भारतको संविधानसभाले २ वर्ष ११ महिना र १८ दिनमा संविधान बनाएर २६ नोभेम्बर १९४९ मा राष्ट्रलाई समर्पित गरेको थियो।

## एयरलाइन्स काठमाडौं उडानको तयारी गर्दै

काठमाडौं। भारतको जेट एयरवेजले उडान बन्द गरेपछि अन्य एयरलाइन्सले नेपाल उडान गर्ने चासो देखाएका छन्। जेट एयरवेज आक्रमक भएपछि नेपाल उडान बन्द गरेका एयरलाइन्सदेखि नयाँले पनि काठमाडौं उडान गर्ने योजना बनाएका हुन्। नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार भातरको स्पाइस जेटले उडानका लागि प्रक्रिया सुरू गरिसकेको छ। स्पाइसजेट फेरि नेपाल आउन लागेको हो। भारतका मुम्बई, दिल्ली, बैंग्लोरबाट काठमाडौं उडान गर्ने भारतीय एयरलाइन्सको योजना रहेको छ। हाल इन्डिगो र एयर इन्डियाले यो भारतीय सहर र काठमाडौंबीच उडान गरिरहेका छन्। यो रूटमा नेपाल एयरलाइन्सले पनि उडान गर्छ। हिमालय एयरलाइन्सले उडान अनुमति नपाएको भारत उडानमा भिस्तारा र गो एयरले पनि नेपाल उडान गर्ने योजना बनाएका छन्। टाटा ग्रपको लगानी भएको भिस्तारा एयरले काठमाडौं उडान गर्ने योजना यसअघि नै सार्वजनिक गरेको छ।

# सतलजले अरूण तेस्रो समयमै बनाउने

काठमाडौं। भारतीय लगानीमा निर्माणाधीन ९०० मेगावाटको अरूण तेस्रो जलविद्युत् आयोजनाको २४ प्रतिशत निर्माण सम्पन्न भएको जनाइएको छ। प्रवर्द्धक सतलज जलविद्युत् निगम लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अरूण धिमानले ऊर्जा सम्मेलनको प्रोजेक्ट सो केस सेसनलाई बोल्दै पछिल्लो समय आयोजनाको निर्माण तीव्र गतिमा भइरहेको बताए। सिइओ धिमानले सन् २०२३ भित्र निर्माण गर्ने योजना रहेको बताए। उनले यो आयोजना भारत र नेपाल दुवैको लागि अति महत्ववपूर्ण भएकाले पनि तोकिएको समयसीमाभित्रै निर्माण सम्पन्न गर्ने प्रतिवद्धता जनाए। कार्यकारी अधिकृत धिमानले तोकिएको समयमै सम्पन्न गरेर अन्य आयोजनाका लागि मार्गदर्शक बन्ने योजनामा रहेको सुनाए।

## आर्थिक समाचार

### ग्लोबल आइएमईको घर कर्जा

काठमाडौं। ग्लोबल आइएमई बैंकले बैदेशिक रोजगारमा गएका तथा विदेशमा बस्ने नेपालीहरूलाई लक्षित गरी ग्लोबल आइएमई जन्मभूमि घर कर्जा ल्याएको छ। यस नयाँ योजनाअन्तर्गत वैदेशिक रोजगारमा गएका कामदार तथा विदेशमा बस्ने नेपालीहरू र उनका परिवारका सदस्यलाई आवश्यक कागजात पेश गरेको तीन दिनभित्र घर कर्जा उपलब्ध गराइने छ। न्यूनतम् ब्याजदरमा सुलभ र सहज रूपमा पाप्त गर्न सकिने जन्मभूमि घर कर्जाले रेमिट्यान्सलाई बैंकिङ्ग च्यानलबाट भित्र्याउन मद्दत पुग्नेछ। यो घर कर्जा वैदेशिक रोजगारबाट प्राप्त आयको आधारमा भारतसहित विभिन्न देशमा बस्ने नेपालीहरूका परिवारलाई प्रदान गरिनेछ। जन्मभूमि घर कर्जा ग्लोबल आइएमई बैंकको सबै शाखाबाट प्राप्त हुने बैंकले जनाएको छ। यससम्बन्धी थप जानकारी ग्लोबल रेमिटका विभिन्न देशमा रहेका कार्यालयहरू तथा ग्लोबल आइएमई बैंकका वैदेशिक सम्पर्क कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

### बुद्ध एयरले प्रादेशिक उडान सुरू गर्ने

विराटनगर। नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गर्दै बुद्ध एयरले प्रदेश १ बाट प्रादेशिक हवाई उडान गर्ने भएको छ। विराटनगर र भद्रपुरबाट काठमाडौं तथा पोखराका लागि सिधैं उडान भर्ने तयारी गरेको बुद्ध एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले बताए। यो उडान आगामी डिसेम्बर ९ देखि सुरू हुने बस्नेतको भनाइ छ। विराटनगरमा सेवाका विषयमा जानकारी दिँदै बुद्ध एयरले प्रदेश सरकारको आग्रहमा भ्रमण वर्षलाई लक्षित गर्दै सो सेवा संचालनमा ल्याउन लागेको जनाएको छ। उक्त सेवा सुरू भएपछि प्रदेश १ हुँदै अन्य प्रदेशमा र अन्य प्रदेशबाट प्रदेश १ मा आउन आन्तरिक र बाह्य पर्यटनकलाई विशेष फाइदा पुग्ने निर्देशक बस्नेतको दाबी छ।

### कार्यकारी अधिकृतमा रेग्मी

काठमाडौं। आइएमई जनरल इन्स्योरेन्स लिमिटेडको संचालक समितिले कम्पनीमा नायव महाप्रन्धक पदमा कार्यरत शरण रेग्मीलाई नायव प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गरेको छ। स्नातकोत्तर तह उतिर्ण गरी विगत २७ वर्षदेखि निर्जीवन बीमा तथा बित्त क्षेत्रमा कार्यरत रेग्मीले तत्कालिन एनआईडिसी क्यापिटल मार्केट् लि. (हाल सनराईज क्याटिलमा) २ बर्ष, युनाईटेड इन्स्योरेनस कम्पनी (नेपाल) लिमिटेडमा ७ बर्ष, सगरमाथा इन्स्योरेन्स लिामिटेडमा ८ बर्ष, सिद्धार्थ डेभलपमेण्ट बैंक लि. (हाल जनता बैंक लि.) मा ६ बर्ष र आइएमई जनरल इन्स्योरेन्स लिमिटेडमा ४ बर्ष कार्य गरेको लामो अनुभव रहेको छ।

### तीन नयाँ शाखा सञ्चालन

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेडले दिपायल सिलगढी नगरपालिका वडा नं. ४, पिपल्ला बजार, डोटी, भिमेश्वर नगरपालिका वडा नं. २, चरिकोट, दोलखा र सिद्धार्थनगर नगरपालिका वडा नं. १, भैरहवा, रूपन्देहीस्थित विशेष औद्योगिक क्षेत्र परिसरमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ। तीन नयाँ शाखा सञ्चालनसँगै बैंकको शाखा कार्यालयहरूको संख्या १५३ पुगेको छ। ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुर्‍याउने उद्देश्यले विभिन्न स्थानमा शाखा, एक्सटेन्सन काउण्टर तथा शाखारहित बैंकिङ्ग सेवा मार्फत आफ्ना ग्राहकहरू माझ बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ। बैंकले १५३ वटा शाखा, ३१ वटा राजश्व संकलन तथा एक्सटेन्सन काउण्टर, १५० एटिएम तथा १९५ शाखा रहित बैंकिङ्ग सेवा र नेपाल बाहिर ३ प्रतिनिधि/सम्पर्क कार्यालय मार्फत आफ्ना ११ लाखभन्दा बढि ग्राहकहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ।

### रिचार्जमा चमत्कार योजना

काठमाडौं। एनसेल प्राईभेट लिमिटेडले आफ्नो नयाँ योजना 'रिचार्जमा चमत्कार'को बारेमा जानकारी सार्वजनिक गर्दै एक टिभी कार्यक्रम र आफ्नो फेसबुक पेज मार्फत पाँच भाग्यशाली कोडहरूको घोषणा गरेको छ। यसरी घोषणा गरिएका प्रत्येक कोड नम्बर बाहक एनसेल ग्राहकले जनही रू. २ लाख नगद पुरस्कार जितेका छन्। आफ्नो कष्टमर लोयल्टी योजनाअन्तर्गत एनसेलले यो 'रिचार्जमा चमत्कार' अफर मंसिर १, २०७६ देखि संचालन गर्दै आएको छ। यस योजनाअन्तर्गत हरेक योग्य ग्राहकले प्रत्येक हप्ता रू २ लाख र प्रत्येक महिना रू १० लाख जित्ने मौका पाउँछन्। योजनाको पहिलो हप्ता (मंसिर १-७) का विजेता ग्राहकहरूलाई एनसेलले शुक्रबार (मंसिर १३, २०७६) भित्र पुरस्कार रकम हस्तान्तरण गर्नेछ। एनसेलका प्रिपेड र पोष्टपेड सेवाका सबै ग्राहकहरूले हप्तामा रू १०० वा यसभन्दा बढीको रिचार्ज गरि साप्ताहिक वा मासिक नगद पुरस्कार जित्नका लागि योग्य हुनसक्छन्। आइतबारदेखि शनिबारको साप्ताहिक चक्रमा यो योजनामा संचालन भइरहेको छ र योजनाको प्रत्येक चार हप्ताको समापनसँगै त्यस महिनाको एक भाग्यशाली ग्राहकको पनि घोषणा गरिनेछ। ग्राहकहरूले रू १०० वा त्यो भन्दा बढिको ब्यालेन्स रिचार्जमा प्रत्येक रू १०० बराबरको एक विशेष कोड एसएमएस मार्फत प्राप्त गर्छन्।

## सरकार नछाड्ने...

बाबुराम पक्षधरले यादवलाई सरकार छोड्दा मुद्दा लाग्ने डरले पदमा टाँसिएको आरोप पनि लगाउने गरेका छन्। यादवलाई गौर हत्याकाण्डको फाइल खोल्ने डरले पनि अपमानित भएर सरकारमा बसेको टिप्पणी गरिएकको छ।

**चार कारण**

सरकारबाट नबाहिरिने समाजवादी पार्टीको निर्णय आश्चर्यजनक रूपमा हेरिएको छ। राजनीति विश्लेषहरूका अनुसार ओलीले जिम्मेवारी हेरफेर गरेर यादवलाई सरकार छोड्न नै सन्देश दिएका हुन्। तर त्यसो हुँदा हुँदै यादवले वर्तमान सरकार छोड्न नसक्नुका दुई प्रमुख कारण छ।

पहिलो कारण आफू सरकारबाट बाहिरिनासाथ मधेशमा आफ्नो प्रतिद्वन्द्वीको रूपमा रहेको राजपा सरकारमा जान सक्छ भन्ने उनको डर हो।

दोस्रो कारण सरकारमा रहँदा कतै न कतै त्यसले स्रोतसाधन दिन्छ। त्यसैले सत्तासँग नजिक हुँदा कार्यकर्तालाई ठिक ठाउँमा राख्न सकिन्छ भन्ने मनसाय पनि हुनसक्छ। किनभने यादव स्वयं सत्ताप्रतिको आशक्तिका पात्र हुन। उनी एकदमै सत्तालिप्सा भएको व्यक्ति हुन। उनी जसरी पनि सत्तामा बसिरहन चाहन्छन्।

तेस्रो कारण गौर हत्याकाण्ड भनेर चिनिने रौतहटमा २७ जनाको ज्यान जानेगरी भएको घटना हो। यादवलाई सरकारबाट हटने बित्तिकै यसबारे अनुसन्धानको फाइल खोल्न सकिने त्रास रहेको छ। किनभने २०६७ साल चैत ७ गते भएको गौर हत्याकाण्डमा यादवको नाम पनि जोडेर हेर्ने गरिएको छ।

चौथो कारण हो- नेकपा र राजपाबीच संघदेखि प्रदेश २ सरकारसम्म हुन सक्ने गठबन्धन/। सरकार छोडिहाल्दा राजपा संघीय सरकारमा सहभागी हुन सक्छ भने प्रदेश २ को सरकारको भविष्यमा पनि प्रश्न उठ्न सक्छ। त्यसैले अहिले हतारमा निर्णय गरिहाल्नुभन्दा केही समय पर्खनु उपयुक्त हुन्छ भन्ने यादवको निष्कर्ष छ।

एकताका लागि समाजवादीले सरकार छाड्नुपर्ने सर्त राजपाको छ। तर समाजवादी बाहिरिएपछि आफू सरकारमा सहभागी हुने रणनीति हुन सक्ने विश्लेषण यादव पक्षधर नेताहरूको छ। राजपाभित्रै पनि एकताका लागि सबै नेताहरू सहमत नभएको अवस्थामा सरकारमा सहभागी हुने अफर आयो भने उनीहरू लोभिन सक्ने यादव पक्षधरको आशंका छ। मन्त्री पद पाएपछि लोभिने खालको पृष्ठभूमि बोकेका नेताहरू राजपाको निर्णायक भूमिकामा छन्।

संविधान संशोधन प्रक्रिया अघि नबढाएको भन्दै समाजवादीले प्रधानमन्त्री ओलीमाथि आरोप लगाउँदै आएको छ। संशोधनको प्रक्रिया आरम्भ गर्ने कानुन मन्त्रालयकै जिम्मेवारी पाएका बेला त्यसलाई छोडेर हिँड्दा के सन्देश जान्छ भन्ने विश्लेषण पनि समाजवादीभित्र भइरहेको छ। सरकारमै बसिरहन पनि उसलाई नैतिक रूपमा अप्ठेरो परेको छ।

प्रदेश २ को प्रमुख हटाउँदा पनि समाजवादीसँग नेकपाले परामर्श गरेन। समाजवादीकै सिफारिसमा प्रदेश प्रमुख नियुक्त रत्नेश्वरलाल कायस्थ हटेपछि त्यहाँ नेकपाको सिफारिसमा तिलक परियारलाई पठाइयो। यो अवस्थामा सरकारमा बस्ने समाजवादीको नैतिक धरातल कमजोर बनेको छ।

**संशोधनको मुद्दा**

सत्ताधारी दल नेकपा संविधान संशोधनप्रति सकारात्मक नरहेको यादवले आरोप लगाइरहेका बेला अहिले उनी स्वयम् संविधान संशोधनका लागि सरकारका तर्फबाट प्रस्ताव तयार गर्ने ठाउँमै पुगेका हुन्। उनले संविधान संशोधनको प्रस्ताव तयार गरेर मन्त्रिपरिषद्को बैठकमा प्रस्तुत गर्छन् कि गर्दैनन, त्यो हेर्न बाँकी नै छ। यादवले पनि आफूलाई कानुन मन्त्रालयको जिम्मेवारी दिइएको विषयलाई संविधान संशोधनसँग जोडेका छन्।

कानुन मन्त्रालयमा पदभार ग्रहण गर्दै यादवले संविधान संशोधन गर्ने विषयमा दुई वर्षअगाडि नै हस्ताक्षर भएको र अब कार्यान्वयन गर्ने बेला आएको बताए। यसबाट पनि प्रष्ट हुन्छ कि संविधान संशोधनको प्रक्रियालाई अगाडि बढाउन समाजवादी पार्टीले कानुन मन्त्रालय सदुपयोग गर्नेछ। त्यसैले पार्टीलाई अहिले ठूलो 'चान्स' प्राप्त भएको छ तर यसलाई उसले कसरी उपयोग गर्न अहिले नै भन्न सकिन्न। यसका लागि समाजवादीले सत्ताधारी दल नेकपालाई विश्वासमा लिन जरूरी छ। संविधान संशोधनका लागि समाजवादी पार्टीले केही गरेन भन्नेहरूलाई जवाफ दिने यो ठूलो अवसर पनि हो। यसका लागि पनि यादवले एकपटक संविधान संशोधनका लागि मन्त्रिपरिषद्सम्म प्रस्ताव लग्नुपर्ने हुन्छ।

तर कानुन मन्त्रालयले प्रस्ताव लैजादैमा संविधान संशोधन हुन्छ नै भन्ने छैन। किनभने संविधान संशोधनको विषयमा राजनीतिक विषय हो र यसमा सबैको सहमति आवश्यक छ। प्रमुख प्रतिपक्षी काँग्रेस र राजपाको पनि सहमति आवश्यक छ। तर खासगरि सत्ताधारी दल नेकपा तयार नभएसम्म कुनै प्रस्ताव लगे पनि त्यो फलदायी हुँदैन। त्यसैले यसलाई राजनीतिक रूपमा पहिला सहमतिमा जानुपर्ने जरूरी छ।

कानुन मन्त्रालय पाएपछि संविधान संशोधन हुन्छ भन्नु नै समाजवादी पार्टीले आफ्ना कार्यकर्ता तथा नेतालाई भ्रममा राख्नु पनि हो। सरकारमा आफूलाई निरन्तरता दिने यो एउटा वहानामात्र रहेको पनि कतिपयको टिप्पणी छ।




मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं